# कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा
विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको ५९८ पत्रको
प्रयोजनका लागि प्रस्तुत
शोधपत्र

शोधार्थी
नारायणप्रसाद रेग्मी
त्रि.वि. दर्ता नं.: ४४३०-९४
क्याम्पस दर्ता नं.:६४७/०६०-०६२
परीक्षा क्रमाङ्क :२८०५३/२०६२
शिक्षाशास्त्र सङ्काय, एम.एड.द्वितीय वर्ष
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर
२०६४

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभागका छात्र नारायणप्रसाद रेग्मीले स्नातकोत्तर (एम.एड.) तहको नेपाली विषयको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **"कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन"** शीर्षकको शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **क.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | ----------------------- | ------------------------- |
| २. | ----------------------- | ------------------------- |
| ३. | ----------------------- | ------------------------- |
| ४. | ----------------------- | ------------------------- |
| ५. | ----------------------- | ------------------------- |

मिति : २०६४/०९/१३

# निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभागकाअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि.५९८ पाठ्यांशको प्रयोजनार्थ **"कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन"** शीर्षकको शोधपत्र शोधार्थी नारायणप्रसाद रेग्मीले मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रम तथा मेहनतका साथ गर्नुभएको प्रस्तुत अध्ययन सन्तोषजनक भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्छु ।

**शोधनिर्देशक**

---------------------

सह-प्राध्यापक महेश्वर न्यौपाने
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
त्रि.वि., कीर्तिपुर

मितिः २०६४/०९/१३

## कृतज्ञताज्ञापन

शोधकार्य भनेको आफैँमा जटिल कार्य हो । त्यसमा पनि भाषा शिक्षणसम्बन्धी शोध अनुसन्धान कार्यलाई जटिल तथा महत्त्वपूर्ण कार्यका रूपमा लिने गरिन्छ । कक्षा आठमा कविता शिक्षण गर्दा भाषा शिक्षणको मूल उद्देश्य पूरा भएको छ कि छैन भन्ने जानकारी दिने प्रयास गरिएको यस शोध पत्रको शीर्षक छनोटदेखि लिएर शोधपत्र तयार पार्दासम्म आफ्नो अमूल्य सुझाव र सहयोग पुऱ्याउनुहुने मेरा शोधनिर्देशक आदरणीय गुरु सह-प्राध्यापक महेश्वर न्यौपानेप्रति श्राद्धायुक्त कृज्ञताज्ञापन  गर्दछु । उहाँको कुशल निर्देशनमा शोधकार्य सफल भएकोमा उहाँप्रति आजीवन ऋणी छु ।

शोधपत्र तयार पार्ने क्रममा आफ्ना अमूल्य सुझाव दिई सहयोग पुऱ्याउनुहुने आदरणीय गुरु वर्ग विभागीय प्रमुख सह.प्राध्यापक भोजराज ढुगेल, प्रा.डा.हेमाङ्गराज अधिकारी, प्रा.डा. रामचन्द्र लम्साल, प्रा.डा.केदारप्रसाद शर्मा, डा. पारसमणि भण्डारीप्रति हार्दिक आभार प्रकट गर्दछु ।

आफूले कठिन परिस्थितिको सामना गरे तापनि छोराको उज्वल भविष्यप्रति समर्पित भइरहने पूजनीय आमा विष्णुमती रेग्मी को योदान जनमभर सम्झनाको विषय बन्ने छ । मेरा प्रेरणाका स्तम्भ, कुशल उपदेशक एवम् असल मार्गदर्शक श्रद्धेय पिता श्री कृष्णप्रसाद रेग्मीलाई आजन्म नसम्झनु मेरो भूल हुनेछ । आफूले सङ्घर्ष गरेर पनि मलाई अध्ययन कार्यका लागि स्वतन्त्र वातावरण निर्माण गर्ने दाजुहरू लोकनाथ, रुद्र, बलराम र यज्ञनाथ रेग्मीप्रति धन्यवाद नदिइरहन सक्दिन । जीवन सहयात्री दुर्गा रेग्मीको सहयोग पनि स्मरणीय रहनेछ । त्यस्तै शोधकार्यमा विशेष सहयोग गर्ने सुनिता रेग्मी, सुदीप रेग्मीलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस शोधपत्र लेखनमा सुरुदेखि नै सहयोग पुऱ्याउँदै आउनुभएका मित्र प्रकाश मल्ल र इन्द्र जि.सी.प्रति आभार व्यक्त गर्दछु । शोधकार्यका लागि सूचकको भूमिका निर्वा गर्नुभएका विभिन्न सरकारी र निजी विद्यालयका नेपाली भाषा शिक्षकहरूलाई धन्यवाद व्यक्त गर्दछु । यसै गरी शुद्ध र छिटो छरितो टङ्कण गर्ने अर्किड कम्प्युटर कीर्तिपुरका भीष्मराज पौडेललाई यथोचित आभार प्रकट गर्दछु ।

शोधार्थी
नारायणप्रसाद रेग्मी

## विषयसूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| **अध्याय -एक** | |
| **शोध परिचय** | १ |
| १.१ शोध शीर्षक | १ |
| १.२ शोध प्रयोजन | १ |
| १.३ समस्याकथन | १ |
| १.४ शोध कार्यको उद्देश्य | २ |
| १.५ अध्ययनको महत्त्व वा औचित्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | ४ |
| १.७ अध्ययन विधि | ७ |
| १.७.१ जनसङ्ख्या तथा नमुना | ८ |
| १.७.२ सामग्री निर्माण | ८ |
| १.७.३ तथ्यको सङ्कलन | ८ |
| १.७.४ तथ्यको व्याख्या तथा विश्लेषण | ९ |
| १.८ अध्ययनको सीमा | ९ |
| १.९ शोध पत्रको रूपरेखा | १० |
| **अध्याय-दुई** | |
| २.१ कविता शिक्षणको सैद्धान्तिक परिचय | ११ |
| २.२ कविता शिक्षणको प्रयोजन | १२ |
| २.३ कविता शिक्षण विधि | १३ |
| २.४ कविता शिक्षण क्रियाकलाप | १५ |
| २.४.१ प्रस्तावना | १५ |
| २.४.२ शब्दार्थसम्बन्धी कठिनाइ निवारण | १५ |
| २.४.३ लयबोध | १६ |
| २.४.४ बोध प्रश्नोत्तर | १६ |
| २.४.५. भावबोध | १७ |
| २.४.६ सारांश कथन र लेखन | १७ |
| २.४.७ अध्यायगत सारांश | १७ |

## अध्याय-तीन


**व्याख्या तथा विश्लेषण** **१९**

३.१ परिचय १९

३.२ विद्यालय र शिक्षकको विवरण १९

३.३ शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कको विश्लेषण २०

३.३.१ पाठयोजना २०

३.३.२ कविता शिक्षणको अपेक्षित उद्देश्य २१

३.३.३ शब्दार्थ शिक्षण २४

३.३.४ वाक्यमा प्रयोग २६

३.३.५ गति यति (शिक्षकले) २८

३.३.६ गति, यति (विद्यार्थीलाई) ३०

३.३.७ लयवाचन (क) ३२

३.३.८ लयवाचन (ख) ३४

३.३.९ भाव बोध ३७

३.३.१० सारांश ३७

३.३.११ सारांश लेखन ३९

३.३.१२ शिक्षण सामग्री ४१

३.३.१३ विद्यार्थी मूल्याङ्कन ४३

३.३.१४ मूल्याङ्कनका साधन ४५

३.३.१५ गृहकार्य ४७

३.३.१६ शिक्षण विधि ५०

३.३.१७ विद्यार्थी सहभागिता ५३

३.३.१८ बोध प्रश्नोत्तर ५४

३.३.१९ अध्यायगत सारांश ५६


## अध्यय-चार


**उपसंहार** **५९**

४.१ निष्कर्ष ५९

४.२ सुझाव ६४

भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरु ६७

**सन्दभग्रन्थसूची** **६८**

**परिशीष्टहरु**

# तालिकासूची

पृष्ठ सङ्ख्या


| | |
|---|---|
| तालिका नं. १ : विद्यालय र शिक्षकको विवरण | १९ |
| तालिका नं. २ : सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २० |
| तालिका नं. ३ : तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना | २१ |
| तालिका नं. ४ : सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २२ |
| तालिका नं. ५ : तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना | २२ |
| तालिका नं. ६ : सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २३ |
| तालिका नं. ७ : तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना | २४ |
| तालिका नं. ८ : सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २५ |
| तालिका नं. ९: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २५ |
| तालिका नं. १०: तालिम प्राप्त र अपाप्त शिक्षकको तुलना | २६ |
| तालिका नं. ११: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २६ |
| तालिका नं. १२: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना | २७ |
| तालिम नं. १३: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २७ |
| तालिका नं. १४: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना | २८ |
| तालिका नं. १५: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २८ |
| तालिका नं. १६: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | २९ |
| तालिका नं. १७: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना | २९ |
| तालिका नं. १८: तालिम प्राप्त शिक्षक बीचको तुलना | ३० |
| तालिका नं. १९: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | ३१ |
| तालिका नं. २०: तालिम प्राप्त अप्राप्त शिक्षकको तुलना | ३१ |
| तालिका नं. २१: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | ३२ |
| तालिका नं. २२: तालिम प्राप्त शिक्षक बीचको तुलना | ३३ |
| तालिका नं. २३: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | ३३ |
| तालिका नं. २४: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना | ३४ |

तालिका नं. २५: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ३५

तालिका नं. २६: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ३५

तालिका नं. २७: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ३६

तालिका नं. २८: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ३६

तालिका नं.२९: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ३७

तालिका नं. ३०: तालिम प्राप्त र अप्राप्त शिक्षकबीच तुलना ३८

तालिका नं. ३१: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ३८

तालिका नं. ३२: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ३९

तालिका नं. ३३: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ३९

तालिका नं. ३४: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ४०

तालिका नं. ३५: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ४०

तालिका नं. ३६: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ४१

तालिका नं. ३७: सरकारी र निजी विद्यालयका शिक्षक बीचको तुलना ४२

तालिका नं. ३८: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ४२

तालिमा नं. ३९: सरकारी र निजी विद्यालयका शिक्षकको तलुना ४३

तालिका नं. ४०: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ४४

तालिका नं. ४१: तालिमप्राप्त र अप्राप्त शिक्षकको तुलना ४४

तालिका नं. ४२: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ४५

तालिका नं. ४३: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ४६

तालिका नं. ४४: सरकारी र निजी विद्यलायका शिक्षकको तुलना ४६

तालिका नं. ४५: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ४७

तालिका नं. ४६: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ४८

तालिका नं. ४७: तालिम प्राप्त र तालिम अप्राप्त शिक्षको तुलना ४८

तालिका नं. ४८: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ४९

तालिका नं. ४९: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ४९

तालिका नं. ५०: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ५०

तालिका नं. ५१: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ५१

तालिका नं. ५२: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ५१
तालिका नं. ५३: तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना ५२
तालिका नं. ५४: सरकारी र निजी विद्यलायका शिक्षकको तुलना ५३
तालिका नं. ५५: तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना ५३
तालिका नं. ५६: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ५४
तालिका नं. ५७: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ५५
तालिका नं. ५८: सरकारी र निजी विद्यालयका शिक्षकको तुलना ५५
तालिका नं. ५९: तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना ५६

## शोधसार

**शोधशीर्षक :कक्षा ८ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको अध्ययन**

**शोधार्थी :** नारायणप्रसाद रेग्मी

**शोध निर्देशक :** सहप्रध्यापक महेश्वर न्यौपाने

**विभाग /क्याम्पस :** नेपाली शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, त्रि.वि. कीर्तिपुर

**शैक्षिक सत्र:** २०६० -२०६२

**जम्मा अध्याय:** ४

**शोधको उद्देश्य**

(क) कक्षा आठमा  कविता शिक्षण गर्दा शिक्षकहरुले प्रयोग गर्ने गरेका शिक्षण विधिहरुको सर्वेक्षण गर्नु,

(ख) सरकारी र निजी विद्यालयमा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरुको तुलनात्मक अध्ययन गर्नु,

(ग) तालिम प्राप्त र अप्राप्त शिक्षकहरुले कविता शिक्षण गर्दा अपनाएका शिक्षण विधिहरुको तुलनात्मक अध्ययन गर्नु,

(घ) कविता शिक्षण विधिमा पाठ्यक्रम अनुरुपता र भाषिक सीपको उपयोगको विश्लेषण गर्नु ।

**अध्ययन विधि**

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि जनसंख्या तथा नमुना सामग्री सङ्कलन निर्माण पूर्व-परीक्षण, तथ्यको सङ्कलन, सङ्कलित तथ्यको व्याख्या तथा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ  ।

**निष्कर्ष**

यस शोधपत्रको पहिलो अध्यायमा शोधपरिचय प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा कविता शिक्षण सम्बन्धी  सैद्धान्तिक परिचय दिइएको छ । तेस्रो अध्यायमा जनसङ्ख्या छनोट गरिएका विभिन्न विद्यालयका शिक्षकहरुबाट प्राप्त तथ्याङलाई तालिकाबद्ध गरी सरकारी, निजी तालिम प्राप्त, अप्राप्त शिक्षकहरुले प्रश्नावली फाराममा दिएको उत्तर तथा कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङकका आधारमा  उनीहरुले कविता शिक्षण गर्दा अपनाएका शिक्षण विधिहरु तथा कार्यकलापहरुको व्याख्या विश्लेषण गरिएको छ। चौथो अध्यायमा निष्कर्ष तथा सुझाव दिइएको छ।



# **व्यक्तिगत विवरण**

| | |
|---|---|
| **नाम** | : नारायणप्रसाद रेग्मी |
| **स्थायी ठेगाना** | : माँझफाँट १ पर्वत |
| **अस्थायी ठेगाना** | : शालिग्राम ९ सेतीवेनी, पर्वत |
| **पिता** | : कृष्णप्रसाद रेग्मी |
| **माता** | : विष्णुमति रेग्मी |
| **जन्मस्थान** | : माँझफाँट १ पर्वत |
| **बुवाको पेसा** | : कृषि |
| **मन पर्ने साहित्यकार** | : पारिजात |
| **रुचि** | : अध्ययन -अध्यापन |
| **फोन नं.** | : ९८४७६२४२५१ |

## **शैक्षिक योग्यता**

| **तह** | **उत्तीर्ण वर्ष** | **संस्था** |
|---|---|---|
| प्रवेशिका | २०५१ | श्री विद्याज्योति उ.मा.वि.माझफाँट,पर्वत |
| प्रवीणता प्रमाण पत्र तह | २०५६ | महेन्द्र बहुमुखी क्याम्पस, बागलुङ |
| स्नातक | २०५९ | महेन्द्र बहुमुखी क्याम्पस, बागलुङ |
| स्नातकोत्तर | २०६४ | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर |

## **अनुभव**

शिक्षण (२०५७ देखि २०६० सम्म)

श्री फड्केढुङ्गा नि.मा.वि.माझफाँट, पर्वत

हाल :

श्री शालिग्राम उ.मा.वि.सेतीवेनी, पर्वतमा नेपाली विषय शिक्षकका रुपमा कार्यरत (२०६२ देखि)

# अध्याय-एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"कक्षा आठमा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन"** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

भाषिक सीप विकास गर्ने उद्देश्यअनुरूप निम्न माध्यामिक तहमा विविध विधाहरूलाई समेटेर भाषा पाठ्यपुस्तक तयार पारिएको छ । विद्यार्थीको रुचि, स्तर क्षमता, उमेर आदि जस्ता कुराहरूलाई ख्याल गरी विधागत विविधताअनुसार शिक्षण विधि तथा कार्यकलापमा पनि भिन्नता ल्याई शिक्षण गर्नुपर्ने हुन्छ । कविता शिक्षण पनि भाषा पाठ्यपुस्तकको एक महत्त्वपूर्ण विधा भएकोले यसको शिक्षण गर्दा शिक्षकले अन्य विधा शिक्षणमा भन्दा भिन्न कार्यकलाप अपनाउनुपर्दछ । पर्वत,स्याङ्जा, गुल्मी, बागलुङ, म्याग्दी जिल्लाका केही सरकारी र निजी विद्यालयहरूमा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययनमा सीमित रहने प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरूमा केन्द्रित रहेको छ :

(क) सरकारी अनुदान प्राप्त र निजी विद्यालयहरूमा कविता शिक्षण गर्दा अपनाइने विधिहरूमा के कस्तो भिन्नता रहेको छ ?

(ख) कक्षा आठमा कविता शिक्षण गर्दा के कस्ता शिक्षण विधिहरू र कार्यकलापहरू अपनाइएका छन् ?

(ग) तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले अपनाउने शिक्षण विधिहरूमा के कस्ता समानता र असमानताहरू रहेका छन् ?

(घ) शिक्षकहरूले कविता शिक्षण गर्दा भाषिक सीप विकास र साहित्यिक आनन्द प्राप्तिमध्ये कुन पक्षलाई बढी जोड दिएका छन् ?

## १.४ शोध कार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

(क) कक्षा आठमा कविता शिक्षण गर्दा शिक्षकहरूले प्रयोग गर्ने गरेका शिक्षण विधिहरूको सर्वेक्षण गर्नु,

(ख) सरकारी र निजी विद्यालयमा कविता शिक्षण गर्दा अपनाएका विधिहरूको तुलनात्मक अध्ययन गर्नु,

(ग) तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको तुलनात्मक अध्ययन गर्नु,

(घ) कविता शिक्षण विधिमा पाठ्यक्रमअनुरूपता र भाषिक सीपको उपयोगको विश्लेषण गर्नु ।

## १.५ अध्ययनको महत्त्व वा औचित्य

भाषाशिक्षण विधिहरूको अध्ययन, भाषा पाठ्य पुस्तकमा समाविष्ट विविध विधा शिक्षण विधिहरूको अध्ययन विभिन्न तह र कक्षाहरूमा पनि भइसकेका छन् । कविता विधा शिक्षण विधिहरूसमबन्धी अध्ययनहरू पनि भएका छन् तर कक्षा आठमा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूसम्बन्धी अध्ययन हालसम्म पनि नभएकोले यस सम्बन्धमा अध्ययन गर्ने सोच बनाइएको हो ।

विद्यालय तहमा नेपाली भाषा शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूमा नेपाली भाषाको भाषिक सीप अभिवृद्धि गरी भाषिक दक्षता हासिल गराउनु हो । वास्तवमा भाषा शिक्षण विषयवस्तुको शिक्षण होइन, यो त भाषिक सीपहरूको शिक्षण हो । विद्यालयमा शिक्षण गरिने अन्य विषयको तुलनामा भाषा शिक्षणलाई यसको उद्देश्यले पृथक् राखेको हुन्छ । भाषा शिक्षण सिकाइ कार्यकलापमा विषयवस्तुको ज्ञानलाई गौण महत्त्व दिँदै भाषिक सीपहरूमा दक्ष जनशक्ति उत्पादन गर्ने प्रमुख उद्देश्य राखिएको हुन्छ । विद्यालय तहका सम्पूर्ण कक्षाहरूमा पठनपाठन गरिने भाषा विषयहरूको उद्देश्य भाषिक सीपहरूको शिक्षण मार्फत सम्बन्धित भाषामा भाषिक दक्षता हासिल गराउनु रहेको छ । भाषा पाठ्यपुस्तकमा विधागत विविधताअनुरूप विभिन्न विधाहरू समाविष्ट गरिएको हुन्छ । यिनै विधाहरूको माध्यमबाट भाषिक सीप शिक्षण गर्ने उद्देश्य राखिएको हुन्छ ।

भाषा पाठ्यपुस्तकमा समाविष्ट कविता विधा कस्तो विधा हो ? यस विधाको शिक्षणले विद्यार्थीहरूमा भाषिक सीप विकास गराउन के कस्तो भूमिका खेल्दछ ? यस विधा शिक्षणमा के कस्ता शिक्षण विधि र क्रियाकलापको अवलम्बन गरियो ? नेपालमा भाषा शिक्षण गर्दा कवितालाई कुन रूपमा राखी अध्यापन गर्नुपर्दछ ? तालिम प्राप्त शिक्षकहरूले तालिममार्फत हासिल गरेको सीप कविता शिक्षण गर्दा अवलम्बन गरेका छन् या छैनन् ? तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाउने विधि तथा कार्यकलापको स्थिति कस्तो छ ? जस्ता सवालहरूमा यो शोध अध्ययन केन्द्रित रहेको छ । यसबाट कविता शिक्षण गर्नुको औचित्य र चलिरहेको वर्तमान शिक्षण प्रणालीको अवस्थाको जानकारी शिक्षा क्षेत्रसँग सम्बद्ध जो कोहीलाई हुने विश्वास अध्ययन कर्ताको रहेको छ ।

यस शोधका आधार रहेका माथिका सवालहरूको जवाफका लागि सम्बन्धित क्षेत्रमा गई अध्ययन गरिएको छ ।

भाषा शिक्षण गर्दा अपनाइएका विधिहरूको अध्ययन यस अघि पनि भएका छन् । ती अध्ययनहरू प्रायः काठमाडौं उपत्यकामा गरिएका छन् । यस्ता थोरै मात्र

अध्ययनहरू उपत्यका बाहिर भएका छन् । यसमा पनि पश्चिमाञ्चल विकासक्षेत्रमा अवस्थित धवलागिरि अञ्चलका पर्वत, म्याग्दी, बागलुङ तथा लुम्बिनी र गण्डकीका क्रमशः गुल्मी, स्याङ्जा जिल्लाहरूमा त यससम्बन्धी शोधखोज न्यून भएको देखिन्छ । पर्वत, म्याग्दी, बागलुङ, गुल्मी, स्याङ्जा जिल्लाका नेपाली भाषा शिक्षकहरूले नेपाली भाषा शिक्षण गर्दा के कस्ता विधि अपनाएका छन् ? यी जिल्लाहरूको कविता शिक्षणको अवस्था कस्तो रहेको छ ? जस्ता कुराहरूको जानकारी दिने जमर्को यस अध्ययनले गरेको छ । अगाडि भएका कविता विधा शिक्षणसम्बन्धी अध्ययनहरूलाई हेर्दा विद्यालय तहका विभिन्न कक्षाहरूमा अपनाइएका विधिहरूको अध्ययन भएको पाइन्छ तर कक्षा आठमा कविता शिक्षण गर्दा अपनाइएका विधिहरूको सम्बन्धमा आजसम्म कुनै शोधखोज कार्य भएको छैन । त्यसकारण यसबारेमा अध्ययन गर्ने सोच अध्ययनकर्ताले बनाएको हो ।

यस शोधकार्यबाट नेपालमा भाषा शिक्षण गर्दा कवितामार्फत कस्ता भाषिक सीपहरूको शिक्षण गरिएको छ ? अपनाइएका शिक्षण विधिबाट भाषिक कुशलता र दक्षता अभिवृद्धि हुन्छ कि हुँदैन ? यी विधिहरू उपयुक्त छन् कि छैनन् ? त्यसको निष्कर्ष दिने प्रयास शोधकर्ताले गरेको छ । यस शोधकार्यबाट कुनै स्थान विशेषमा गरिएको अध्ययनलाई सम्पूर्ण देशमा भएको शिक्षण अवस्थासँग सामान्यीकरण गरी निष्कर्ष दिने प्रयास गरिएको छ जसले गर्दा हालम्म अपनाइएका शिक्षण विधिहरूको अवस्थासँग सम्बन्धित सबै परिचित हुने अपेक्षा गरिएको छ । शिक्षणमा रहेका कमी कमजोरी सुधार्नका लागि यो शोधकार्य सहयोगी हुने आशा गरिएको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

भाषा शिक्षण अन्य विषयभन्दा वेग्लै किसिमले शिक्षण गर्नुपर्ने विषय हो । भाषिक सीपहरूका माध्यमले भषामा दक्ष गराउने विषय भाषा शिक्षण हो । भाषिक सीपहरूमा दक्षता हासिल गराउन विभिन्न शिक्षण विधिहरूको प्रयोग गर्नुपर्दछ । भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरूको संयोजन पाइन्छ । ती विधाहरूको प्रकृतिअनुसार शिक्षण विधि पनि आफ्नै किसिमको हुन्छ कविता पनि भाषा पाठ्यपुस्तकको एउटा

विधा भएकोले यसको शिक्षण विधि पनि आफ्नै किसिमको हुन्छ । यसको शिक्षण तहअनुसार फरक फरक ढङ्गले गर्नुपर्ने हुन्छ । यो शोधकार्य कक्षा आठको कविता शिक्षण गर्दा के कस्ता विधिहरू अपनाइएका छन् ? त्यसको जानकारी प्राप्त गर्ने उद्देश्यले गरिएको हो । यसका लागि यस शोध कार्यसँग निकट सहयोगी प्रकाशित पुस्तक र अप्रकाशित शोधकार्यको समीक्षा गर्ने प्रयास यहाँ गरिएको छ ।

हेमाङ्गराज अधिकारीको 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा भाषा शिक्षण गर्दा अपनाउनुपर्ने विभिन्न क्रियाकलापको उल्लेख गरिएको छ । अधिकारीकै अर्को पुस्तक 'भाषा शिक्षण केही परिप्रेक्ष्य र पद्धति' नामक पुस्तकमा विद्यालयसम्बन्धी पाठ्यक्रम पाठ्यपुस्तकको विकासक्रम, भाषा सिकाइ सिद्धान्तको संक्षिप्त चर्चा, भाषा शिक्षणका विभिन्न पद्धति र विधिहरू भाषिक विधा छनोट र स्तरण आदि बारे चर्चा गरिएको छ । हेमाङ्गराज अधिकारी र अन्यको 'नेपाली भाषा शिक्षण नामक पुस्तकमा प्राथमिक तहका कक्षामा नेपाली भाषा शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापको चर्चा गरिएको छ । हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको 'प्रारम्भिक नेपाली शिक्षण' नामक पुस्तकमा नेपाली भाषा शिक्षणको परिचय भाषिक सीप र विभिन्न विधा शिक्षणको प्रयोजन जस्ता कुराहरूको उल्लेख गरिएको छ । भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालको 'परिचयात्मक नेपाली शिक्षण' नामक पुस्तकमा विशेष गरेर प्राथमिक तहमा नेपाली शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापको चर्चा गरिएको छ । केदारप्रसाद शर्मा र माधव पौडेलको 'नेपाली भाषा र साहित्य शिक्षण' नामक पुस्तकमा भाषा र साहित्य शिक्षण विधिको चर्चा गरिएको छ । यस पुस्तकमा विभिन्न विधाहरूको शिक्षणका साथै शिक्षणक्रमको पनि चर्चा गरिएको छ । डिल्लीराम रिमालको 'नेपाली शिक्षण' नामक पुस्तकमा पनि विशेष गरेर विद्यालय तहको नेपाली विषय शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापको चर्चा गरिएको छ । माध्यमिक शिक्षा विकास केन्द्रद्वारा प्रकाशित 'निम्नमाध्यमिक तह प्रशिक्षक निर्देशिका' मा निम्न माध्यमिक तहका प्रशिक्षार्थीहरूले भाषाशिक्षण कसरी गर्ने ? भन्ने तरिकाको चर्चा गरिएको छ । त्यस्तै शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा नेपाली विषयका विभिन्न विधाहरू भाषातत्त्वहरूको

शिक्षणसम्बन्धी चर्चाका साथै शिक्षणसँग सम्बन्धित अन्य पक्षहरूको पनि चर्चा गरिएको छ ।

शिक्षण विधिसँग सम्बन्धित अप्रकाशित शोधकार्यलाई हेर्दा त्रि.वि. महेन्द्ररत्न क्याम्पस ताहाचल (२०५३) का तोयानाथ खनालको कक्षा ५ मा नेपाली भाषा शिक्षण, गर्दा प्रयोग गरिएका 'शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा विभिन्न प्रकारका शिक्षण विधिहरूको परिचयका साथै उपत्यकाका जम्मा ३० विद्यालयका कक्षाको कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारमका आधारमा अध्ययन, मूल्याङ्कन र अनुसन्धान गरी उक्त तहको भाषा शिक्षणमा प्रयोग गरिएका शिक्षण विधिहरू तथा शिक्षण सिकाई कार्यकलापहरूको उल्लेख गरिएको छ । साथै यस शोधपत्रमा सहरी तथा ग्रामीण, निजी तथा सरकारी अनुदान प्राप्त विद्यालयका तालिम प्राप्त तथा अप्राप्त शिक्षकहरूको तुलनात्मक अध्ययनसमेत गरिएको छ ।

विश्वविद्यालय क्याम्पस कीर्तिपुर, शिक्षाशास्त्र संकाय (२०५५) का लक्ष्मीप्रसाद ढकालले 'कक्षा पाँचमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा शिक्षण विधिहरूको सैद्धान्तिक परिचयका साथै काठमाडौ. ललितपुर र भक्तपुरका ३० वटा नमुना विद्यालयको कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारमका माध्यमले विद्यालयमा प्रचलित शिक्षण विधि, तथा शिक्षण क्रियाकलापको उल्लेख गरेका छन् । विश्वविद्यालय क्याम्पस कीर्तिपुरअन्तर्गत शिक्षाशास्त्र सङ्कायकै संगीता कार्की (२०५८) ले 'कक्षा ४ मा कविता शिक्षण गर्दा प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा भाषा शिक्षणका लागि अपनाउन सकिने शिक्षण विधिहरूको उल्लेख गरेकी छिन् । उनले कक्षा ४ मा कविता शिक्षण गर्दा अपनाउन सकिने शिक्षण विधिहरूको पनि उल्लेख गरेकी छिन । त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागकै देवीदत्त पौडेल (२०६०) ले 'कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन ' शीर्षकको शोधपत्र तयार पारेका छन् । यस शोधपत्रमा कक्षा ८ मा कथा शिक्षण गर्दा अपनाउन सकिने कार्यकलाप र शिक्षण विधिहरूको चर्चा गरिएको छ । उनले सरकारी अनुदान प्राप्त ५ र निजी ५ गरी १० वटा विद्यालयमा पुगी प्रश्नावली र कक्षा अवलोकन

फाराममका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी ग्रामीण र सहरी क्षेत्रका विद्यालयका शिक्षकका बीच तुलनात्मक अध्ययनसमेत गरेका छन् । सोही विभागका अनन्तप्रसाद बेलबासे (२०६०) को 'कक्षा ५ मा कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' नामक शोध ग्रन्थमा भाषाशिक्षकका प्रचलित विधिका साथै कथाबाट भाषिक सीप विकासका लागि गरिने त्रियाकलापको चर्चा गरिएको छ । उनले अर्घाखाँची कपिलवस्तु जिल्लाका जम्मा २० वटा नमुना विद्यालयको कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारमका आधारमा विद्यालयमा कक्षा ५ मा कथा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधि र कार्यकलापको अध्ययन गरेका छन् । सोही विभागकै विनोदकुमार न्यौपानेले दाङ जिल्लाका सरकारी र निजी गरी (१०+१०=२०) वटा विद्यालयमा पुगी कक्षा अवलोकन र प्रश्नावली फारमका माध्यमबाट तथ्याङ्क सङ्कलन गरी 'कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' नामक शोधग्रन्थ तयार पारेका छन् । यस शोधपत्रमा दाङ्ग जिल्लाका सहरी ग्रामीण इलाकाका सरकारी र निजी विद्यालयहरूका शिक्षकहरूले कविता शिक्षण गर्दा अपनाएका शिक्षण विधिहरूको तुलना गरी व्याख्या विश्लेषण गरिएको छ ।

यस प्रकार प्रकाशित पुस्तक र अप्रकाशित शोध ग्रन्थलाई हेर्दा भाषा शिक्षणका क्षेत्रमा प्रशस्त कार्यहरू भएका पाइन्छन् । विभिन्न समयमा भएका शोधकार्यले कथा र कविता शिक्षणमा निश्चित तहमा प्रयोग गरिएका शिक्षण विधिहरूको जानकारी दिएका छन् तर कक्षा ८ मा कविता शिक्षणको अवस्था कस्तो छ ? भन्ने बारेमा अध्ययन भएको छैन । त्यसैले पर्वत, म्याग्दी, बागलुङ, गुल्मी, स्याङजा आदि जिल्लाका केही निश्चित क्षेत्रमा पुगी अध्ययन गरी यसबारेमा जानकारी दिने सोच शोधकर्ताले राखेको छ । यस अध्ययनबाट यस तहमा रहेको कविता शिक्षण सम्बन्धी कमजोरी सुधार्नसमेत सहयोग पुग्ने आशा गरिएको छ ।

## १.७ अध्ययन विधि

यो शोधकार्य सम्पन्नार्थ जनसङ्ख्या तथा नमुना सामग्री सङ्कलन, सामग्री निर्माण पूर्व परीक्षण, तथ्यको सङ्कलन, सङ्कलित तथ्यको व्याख्या तथा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

### १.७.१ जनसङ्ख्या तथा नमुना

यस शोधकार्यमा जनसङ्ख्याका रूपमा पर्वत, म्याग्दी, बागलुङ, गुल्मी र स्याङजा जिल्लाका १० सरकारी र १० निजी विद्यालयमा अध्यापन गर्ने जम्मा २० जना शिक्षकहरूलाई लिइएको छ । यस अध्ययनमा पर्वत, म्याग्दी, बागलुङ, गुल्मी र ज्याङ्जा जिल्लाका सरकारी र निजी गरी २० वटा विद्यालयहरू नमुनाका रूपमा रहेका छन् । सरकारी विद्यालय छनोट गर्ने क्रममा सहरी क्षेत्रका बागलुङ, वेनी, कुस्माका बागलुङ न.पा., शिवालय, अर्थुङ्गे आदि गा.वि.स. तथा न.पा.का विद्यालयहरू छनोट गरिएका छन् । ग्रामीण क्षेत्रका शालिग्राम, वहाकी, माझफाँट, बाँसखर्क, पिँडीखोल, अर्वेनी आदि गा.वि.स.का विद्यालयहरूलाई नमुनाका रूपमा लिइएको छ ।

### १.७.२ सामग्री निर्माण

प्रस्तुत शोधपत्र तयार पार्नका लागि शिक्षक प्रश्नावली फारम र कक्षा अवलोकन फारमको निर्माण गरियो । प्रश्नावली फारममा १७ वटा प्रश्नहरू समावेश गरिए भने कक्षा अवलोकन फारममा कविता शिक्षण गर्दा अपनाउनु पर्ने १४ वटा बुँदाहरूलाई समावेश गरियो । शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापलाई प्रश्नका रूपमा राखी शिक्षकले स्वविवेकले उत्तर दिनुपर्ने प्रश्नावली निर्माण गरिएकाले शिक्षकले दिने उत्तर र उनीहरूको कक्षाकोठामा गर्ने व्यवहार बीच के-कति फरक छ या छैन भन्ने कुरासमेत पत्ता लगाउन शिक्षक प्रश्नावलीसँग मिल्दा बुँदाहरू कक्षा अवलोकन फारममा राखी अध्ययन गरियो ।

### १.७.३ तथ्यको सङ्कलन

तथ्य सङ्कलनका लागि सरकारी १० वटा र निजी १० वटा गरी जम्मा २० विद्यालयको स्थलगत निरीक्षण गरिएको छ । सरकारी विद्यालय छनोट गर्दा सहरी र ग्रामीण क्षेत्रलाई ध्यान दिइएको छ । सहरी र ग्रामीण विद्यालय छनोट गर्दा तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको प्राप्यतालाई समेत ख्याल गरिएको छ । निजी विद्यालयहरूको छनोट गर्दा बागलुङ, पर्वत, म्याग्दीका निजी विद्यालयहरूको छनोट

गरिएको छ । यस कार्यलाई प्रायः सहरी क्षेत्रमा सीमित गरिएको छ तापनि ग्रामीण क्षेत्रमा फाट्टफुट्ट देखिएका निजी विद्यालयमा समेत पनि पुगिएको छ । तालिम प्राप्त अप्राप्त शिक्षकहरूको प्राप्यताको ख्याल निजी विद्यालयको छनोटमा पनि गरिएको छ । सकेसम्म अध्येता विद्यालय पुगैकै दिन कविता शिक्षण गर्न सम्बन्धित शिक्षकलाई अनुरोध गरियो । त्यसदिन कविता शिक्षण गर्ने वातावरण नभएको स्थितिमा उपयुक्त समय मिलाई अवलोकन कार्य सम्पन्न गरियो । कक्षा अवलोकन शिक्षण कार्य भइरहेको बेलामा सम्पन्न गरियो भने प्रश्नावली फारम कक्षा अवलोकनपश्चात् शिक्षकलाई दिई स्वेच्छाले भर्न लगाइयो । कक्षा अवलोकन एकपटक मात्र गरियो । कक्षा अवलोकन र प्रश्नावलीपश्चात् कविता शिक्षणको प्रयोजन विधि क्रियाकलापको बारेमा शिक्षकलाई केही बताइयो भने सम्भव भएकासम्मका विद्यालयमा कविता शिक्षणसमेत गरेर कविता शिक्षणका बारेमा जानकारी दिइयो ।

### १.७.४ तथ्यको व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारम तयार गरियो । प्रश्नावली फारममा कविता विधासँग समबन्धित रेजा चिन्ह (√) लगाउने जम्मा १७ वटा प्रश्नहरू राखियो । कक्षा अवलोकन फारममा १४ वटा बुँदाहरू राखेर अवलोकन कार्य सम्पन्न गरियो । प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङकलाई सँगसँगै विश्लेषण गरी सो विश्लेषणलाई तालिकाबद्ध गरी प्रतिशतमा समेत देखाइएको छ । सँगसँगै विश्लेषण गर्न नसकिने तथ्याङकलाई छुट्टछुट्टै पनि विश्लेषण गरिएको छ ।

## १.८ अध्ययनको सीमा

सीमित समय, आर्थिक कठिनाइ र विविध व्यावहारिक कठिनाइका कारणले यो शोधकार्य कुनै निश्चित स्थानमा गरिएको छ । अध्ययनबाट प्राप्त निष्कर्षलाई समग्र देशमा चलिरहेको शिक्षण अवस्थासँग सामान्यीकरण गरिएको छ । यस अध्ययनमा सरकारी र निजी गरी जम्मा २० विद्यालयहरूलाई समावेश गरिएको छ । पर्वत, बागलुङ, म्याग्दी, गुल्मी र स्याङजा जिल्लाका क्रमशः माझफाँट, बाँसखर्क, शालिग्राम,

वहाकी, बागलुङ (न.पा) शिवालय, अर्थुङ्गे, अर्वेनी, पिँडीखोला आदि गा.वि.स. तथा न.पा. का जम्मा १० वटा सरकारी र १० वटा निजी विद्यालयहरूलाई अध्ययन क्षेत्रमा समेटिएको छ । यसरी विद्यालय छनोट गर्दा तालिम प्राप्त शिक्षकको उपलब्धतालाई पनि ख्याल गरिएको छ ।

## १.९ शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ ।

अध्याय एक : शोध परिचय

अध्याय दुई : कविता शिक्षणको सैद्धान्तिक परिचय

अध्याय तीन : व्याख्या तथा विश्लेषण

अध्याय चार : निष्कर्ष तथा सुझाव

सन्दर्भग्रन्थ सूची

परिशिष्ट

यिनै मुख्य शीर्षकमा केन्द्रित भएर अध्ययनका अरु उपशीर्षकहरूमा अध्ययन, व्याख्या तथा विश्लेषण गरिएको छ ।

# अध्याय-दुई

## २.१ कविता शिक्षणको सैद्धान्तिक परिचय

साहित्यका विविध विधाहरूमध्ये कवितालाई पनि एउटा सशक्त विधाका रूपमा लिइन्छ । कविता विधा प्राचीन र समृद्ध विधा हो । कवितालेखनको थालनी हुनुभन्दा अगाडी यसको सम्बन्ध लोकजीवनसँग भएको विश्वास गरिन्छ । लोक जीवनमा प्रचलनमा रहेका लोकगीतबाट कविताको विकास भएको हो भन्ने मान्यता रहेको छ । साहित्यका श्रव्य र दृश्य भेदमध्ये कविता श्रव्य भेदमा पर्दछ । कविताले मानवका अन्तर कुन्तरमा रहेका भावनाहरूलाई उपयुक्त पदावलीमा सहज अभिव्यक्ति दिने कार्य गर्दछ । लय र भावको उचित संयोजनबाट कविता विधाको जन्म हुने भएकोले यसमा कल्पना, भाव, बौद्धिकताको पनि बेजोड मिश्रण रहेको हुन्छ । कविता मानव जीवन भोगाइका विविध अनुभूतिहरूलाई लयात्मक पारामा सूत्रबद्ध गरी सिर्जना गरिएको हुन्छ । कविताले मानवलाई आनन्दानुभूति मात्र नदिएर असल भावनाको विकास, बौद्धिक परिष्कार, नवीन चिन्तनको विकास तथा वैचारिक परिवर्तनमा सहयोग पुऱ्याउँछ ।

कवितालाई गद्य र पद्य दुई भेदमा वर्गीकरण गरिएको छ । गद्य कविता भन्नाले कुनै शास्त्रीय नियमबाट मुक्त रही स्वतन्त्ररूपले रचना गरिएका कविता हुन् । यस्ता कवितामा स्वच्छन्दता तथा आन्तरिक लयात्मकता रहेको हुन्छ । विभिन्न शास्त्रीय नियमको परिधिभित्र रहेर लय र भावको बेजोड मिश्रणका साथ रचना गरिएका कविताहरूलाई पद्य कविता भनिन्छ । यस्ता कवितामा कविले स्वतन्त्र रूपमा आफ्ना भावहरूलाई कवितामा सूत्रबद्ध गर्न सक्दैन । ऊ कठोर शास्त्रीय नियमलाई अनुसरण गर्दै आफ्ना भावहरू कवितामा पोख्दछ । शास्त्रीय नियम र अनुशासनको पूर्ण पालनाका साथ लेखिएका यस्ता कवितामा लयात्मकता पाइन्छ । पद्यकवितालाई छन्दोबद्ध कविता र गद्य कवितालाई मुक्त छन्द कविता भन्ने गरिन्छ । हिजोआज गद्य कविता लेखनको प्रचलन बढी मात्रामा चलेको देखिन्छ ।

## २.२ कविता शिक्षणको प्रयोजन

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो लेखेर, बोलेर अभिव्यक्ति गरिने विचार विनिमयको महत्त्वपूर्ण साधन भाषा हो । अर्को अर्थमा भन्ने हो भने भाषा ज्ञान प्राप्तिको लागि प्रयोग गरिने महत्त्वपूर्ण औजार पनि हो । नेपालका माध्यमिक तहसम्म नेपाली शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूलाई भाषिक दक्षता बढाउनु हो । भाषिक सीप विकासका लागि विधा शिक्षण भाषातत्त्व र शब्दभण्डार आदिको सहारा लिन सकिन्छ । कविता विधा भाषिक सीप बढाउनका लागि पाठ्यपुस्तकमा समेटिएको एक महत्त्वपूर्ण विधा हो । निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा कविता शिक्षणका माध्यमबाट पढाइ सीपको विकास गर्ने प्रमुख लक्ष्य राखिएको पाइन्छ । यस पछि, बोलाइ सुनाइ सीपहरूलाई प्राथमिकता क्रममा राखिएको पाइन्छ । यसबाट पनि के भन्न सकिन्छ भने निम्न माध्यामिक तहमा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा भाषिक सीपहरूको अभिवृद्धि गर्नु नै हो ।

हेमाङ्गराज अधिकरी र अन्यका अनुसार निम्न माध्यमिक तहमा कविता शिक्षणको उद्देश्य विद्यार्थीहरूलाई गति, यति मिलाएर पाठ गर्न सिकाउनु र कविताको भावसँग परिचित हुने सीपको विकास गराउनु हो । यसका अतिरिक्त कविता शिक्षणका माध्यमबाट विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ लेखाइ जस्ता भाषिक सीपहरूको विकास गरी बोध र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु पनि यसको अर्को महत्त्वपूर्ण प्रयोजन हो । विविध शैली र प्रकारका कविताबाट आस्वादन लिन काव्यात्मक भाषा बुझ्न, थोरैमा धेरै भन्ने क्षमता वृद्धि गर्न, निम्न माध्यमिक तहमा कविता विधा राखिएको हो । निम्न माध्यामिक तहमा कविता मूलतः श्रव्य र पाठ्य विधाका रूपमा प्रयोग हुन्छ । यसबाट गति, यति र लय मिलाई सस्वर पठनको अभ्यास गराउन सकिन्छ । यसो गर्नाले विद्यार्थीहरूमा शब्दभण्डारको वृद्धि, उच्चारणमा सुधार र रचना कौशलको विकास हुन्छ ।[१]

कविता शिक्षणको प्रयोजनलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

---

[१] हेमाङ्गराज अधिकारी र अन्य, **'हाम्रो नेपाली किताव, शिक्षक निर्देशिका कक्षा आठ'** पाठ्यक्रम विकास केन्द्र भक्तपुर : २०६१ पृ. १ ।

१. गति, यति र लय मिलाई स्स्वर वाचन गर्ने क्षमताको विकास गर्नु,

२. शुद्ध उच्चारण गर्ने क्षमता अभिवृद्धि गर्नु,

३. कविताका विशिष्ट पंक्तिलाई व्याख्या गर्ने क्षमताको विकास गर्नु,

४. भावार्थ बताउन सक्ने तुल्याउनु,

५. शब्दभण्डारको वृद्धि तथा शब्द प्रयोग र वाक्य रचनामा दक्षता बढाउनु,

६. भाषिक सीपहरूको विकास र अभिव्यक्ति क्षमता बढाउनु,

७. पद्य भाषालाई गद्यमा रूपान्तरण गर्नुका साथै सारांश कथन र लेखन क्षमताको विकास गर्नु,

८. विश्लेषणात्मक क्षमताको विकास गर्नु,

९. विशिष्ट भाषा बोध गर्ने क्षमता बढाउनु,

१०. विविध शैलीयुक्त भाषा प्रयोग र पहिचान गर्ने क्षमता बढाउनु,

११. सिर्जनात्मक क्षमता र कल्पना शैलीको विकास गराउनु ।

## २.३ कविता शिक्षण विधि

कविता शिक्षण अन्य विधा शिक्षणका तुलनामा जटिल शिक्षण हो । कविता शिक्षणका लागि विविध विधिहरू भएता पनि सामान्यतया निम्न माध्यामिक तहसम्ममा कविता शिक्षण गर्नका लागि विधिहरूलाई नै जोड दिनु त्यति औचित्य पूर्ण देखिँदैन । यस तहमा विधिभन्दा पनि क्रियाकलापलाई जोड दिँदै शिक्षण क्रियाकलाप गराउनु उपयुक्त मानिन्छ । माथिल्ला तहका कक्षाहरूमा कविता शिक्षणकार्य सम्पन्न गर्दा भने कविताको प्रकृति हेरेर विधिलाई जोड दिँदै शिक्षण क्रियाकलाप गराउनु उपयुक्त मानिन्छ । विधि र क्रियाकलाप भनेका एक अर्कासँग अन्तरसम्बन्धित कुरा हुन् । त्यसैले क्रियाकलापमुखी शिक्षण गर्दा स्वतः विधिको प्रयोग भएको हुन्छ । कविता

शिक्षणका लागि गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्यान विधि, खण्डान्वय विधि, व्यास विधि, तुलना विधि र समीक्षा विधि प्रचलितमा रहेका छन् । यी विधिहरूको प्रयोग तहअनुसार भएको पाइन्छ ।

गीत तथा अभिनय विधि साना कक्षाका कविता शिक्षणका लागि उपयोगी हुने विधि हो । विद्यार्थी केन्द्रित यस विधिबाट शिक्षण गर्दा विद्यार्थीहरूमा गति, यति मिलाई कविता वाचन गर्ने क्षमताको विकास हुनाको साथै उनीहरू कविताप्रति आकर्षित हुन पुग्दछन् । यस विधिको माध्यमबाट पर्याप्त मनोरञ्जन पनि प्रांप्त हुन्छ । शिक्षकले प्रत्येक पंक्ति वाचन गरी त्यसको अर्थ बताइदिने शिक्षण विधिलाई अर्थबोध विधि भनिन्छ । यो विधि शिक्षक केन्द्रित मनोविज्ञानबाट दूर र विद्यार्थीलाई निष्क्रिय राख्ने विधि भएकाले कविता शिक्षणका लागि त्यति उपयुक्त विधि मान्न सकिन्न । खण्डान्वय विधिमा प्रशस्त प्रश्नोत्तरको प्रयोग गरिने भएकाले यस विधिलाई माध्यमिक तहसम्मका कक्षामा उपयुक्त विधिका रूपमा लिइएको पाइन्छ । व्याख्या विधिमा हरेक पंक्ति तथा अंशको अर्थबोध गराउनुका साथै प्रासङ्गिक व्याख्यासमेत गरिन्छ । यो विधि उच्च तहका कक्षाहरूमा कविता शिक्षणका लागि उपयोगी हुने भए पनि विद्यालय तहका माथिल्ला कक्षाहरूमा समेत यो विधिले घर जमाएको पाइन्छ ।

व्यास विधि, तुलना विधि, समीक्षा विधिहरूको प्रयोग उच्च तहका  कक्षाहरूमा कविता शिक्षण गर्नका लागि प्रयोग गर्ने गरिन्छ । यी विधिहरूवाट भाषिक सीप विकासको तुलनामा साहित्यिक पक्षमा जोड दिई शिक्षण गरिन्छ । व्याख्या विधिकै वृहत् रूप मानिने व्यासविधिमा कविताको व्यापक व्याख्या गरिनुको साथै कवितासँग अन्तर्रसम्बन्धित अन्तकथाहरूको  समेत चर्चा गरिन्छ । तुलना विधि मा पाठ्य कवितालाई विभिन्न समभाषी कविता र कविहरूकाबीच तुलना गर्दै शिक्षणकार्य सम्पन्न गरिन्छ । प्रश्नोत्तर  र समीक्षाका आधारमा पाठ्यकवितालाई समीक्षा गरेर गरिने शिक्षण विधि समीक्षा विधि हो । कविताका विभिन्न तत्त्वहरूको  शिक्षण गर्न यो विधि उपयोगी हुन्छ । यस विधिमा समालोचनात्मक ढङ्गले कविताको विवेचना गरिने भएकोले उच्च तहका कविता शिक्षणका लागि यो विधि उपयोगी देखिएको हो ।

कविता शिक्षणका लागि माथि उल्लेख गरिएका विधिहरूको प्रचलन रहेको पाइन्छ । यी वाहेक कुराकानी तथा छलफल विधि, मौन पठन विधि, सस्वर पठन विधि, खेल विधि आदि विधिहरूलाई पनि तहअनुसार प्रयोगमा ल्यानउ सकिन्छ । माध्यामिक तहसम्मका विद्यार्थीरूमा कविता शिक्षण गर्दा शिक्षकहरूले शिक्षण विधिमा भन्दा शिक्षण क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ ।

## २.४ कविता शिक्षण क्रियाकलाप

शिक्षकहरूले कक्षा आठमा कविता शिक्षण गर्दा शिक्षण क्रियाकलापमा जोड दिनुपर्छ । शिक्षकहरूले जुनसुकै विधि अपनाए तापनि उनीहरूले कविता शिक्षण गर्दा यसको सही शिक्षण क्रियाकलापलाई अँगाली शिक्षण गर्नु आवश्यक हुन्छ । शिक्षकले आफ्नो पूर्वज्ञान, अनुभव र उद्देश्यअनुसार आ-आफ्नै किसिमले शिक्षण गरे पनि सामान्यतया निम्नलिखित क्रियाकलाप गराएमा यस तहमा कविता शिक्षण कार्य सरल हुने देखिन्छ ।

### २.४.१ प्रस्तावना

पाठ्यकविताको बारेमा केही कुरा बताएर पाठ्य कविताको जानकारी दिन सकिन्छ ।कतिवाको परिचय दिँदा पाठ्य कविताका कविको वारेमा सामान्य छोटो जानकारी दिएर कविता शिक्षण गर्नु राम्रो मानिन्छ । प्रस्तावनाको मूल तात्पर्य विद्यार्थीलाई पाठ्यवस्तुतिर आकार्षित गर्नु मात्र भएकाले प्रारम्भमै गहन शास्त्रार्थलाई पश्रय दिनु सर्वथा उपयुक्त हुँदैन । (शर्मा र पौडेल २०६०, पृ.९८७)

### २.४.२ शब्दार्थसम्बन्धी कठिनाइ निवारण

पाठ्यकवितामा रहेका कठिन शब्द र तिनको अर्थ नजानेमा विद्यार्थीहरूले कविताले लयवाचन गर्नमा कठिनाइ भोग्नुका साथै भावबोध गर्न पनि सक्दैनन् । त्यसैले कविता शिक्षण गर्दा सर्वप्रथम उनीहरूलाई शब्दार्थ शिक्षण गर्नु पर्दछ यसका लागि शिक्षकले विद्यार्थीहरूलाई पाठमा रहेका कठिन शब्दहरू बताउनन लगाउनुपर्छ र तिनलाई कालोपाटीमा टिप्दैजानुपर्छ । कठिन शब्दहरू टिपोट गरिसकेपछि ती

शब्दहरूको अर्थ विद्यार्थीलाई बताउन लगाउनुपर्छ । विद्यार्थीले नजानेमा शिक्षकले बताइदिनुपर्छ । शब्दले अर्थ बताउँदा विपरीतार्थक शब्द बताएर, परिभाषा दिएर, प्रतिमूर्ति देखाएर अर्थ बताउन सकन्छि । शब्दको अर्थ विद्यार्थीले जानिसकेपछि उनीहरूलाई यी शब्दहरूको वाक्यमा प्रयोग गर्न लगाउनुपर्छ विद्यार्थीहरूले वाक्यमा प्रयोग गर्न नसकेमा प्रयोग गरेर देखाइदिनुपर्छ । त्यस्तै अर्को वाक्य बनाउन लगानउनुपर्छ । शब्दार्थ शिक्षण गर्दा शब्दपत्ती र वाक्यपत्तीको प्रयोग गरेमा शिक्षण अझ प्रभावकारी हुन्छ ।

## २.४.३ लयबोध

पाठ्य कविताको शब्दार्थसम्बन्धी कठिनाइको निवारण गरिसकेपछि लयवाचन क्रियाकलाप सञ्चालन गरिनुपर्छ । सुरुमा शिक्षकले आदर्शवाचन गर्नुपर्छ । यदि विद्यार्थी मध्येबाटै आदर्शवाचन गराउन सके राम्रो हुन्छ, त्यसपछि विद्यार्थीहरूलाई सामूहिकरूपमा अनुकरण वाचन गर्न लगाउनुपर्छ । यो क्रियाकलाप गराउँदा विद्यार्थीहरूले गति, यति मिलाए नमिलाएको शिक्षकले ख्याल गर्नुपर्छ । अनुकरण वाचन क्रियाकलाप गराइसकेपछि उनीहरूलाई समूहगत वाचन गर्न लगाउनुपर्छ । समूहगत वाचन गराउँदा प्रत्येक वेन्चका विद्यार्थीहरूलाई पनि गराउन सकिन्छ भने कक्षाका सम्पूर्ण विद्यार्थीहरूलाई सामूहिक रूपमा पनि गराउन सकिन्छ । समूहवाचन गराइसकेपछि एकलवाचन गराउनुपर्छ । लयवाचन क्रियाकलाप पर्याप्त गराउनु उत्तम मानिन्छ ।

## २.४.४ बोध प्रश्नोत्तर

लयवाचनपश्चात् वोध प्रशनोत्तर क्रियाकलाप गर्नु पर्दछ । लयवाचन गर्दा नै विद्यार्थीहरूलाई पाठ्य कविताका वारेमा सामान्य धारणा बसिसक्ने भएकाले उनीहरूलाई स-सना प्रश्न बनाउँदै सरल किसिमका प्रश्नहरू सोध्नुपर्दछ । सरल प्रशनोत्तरपश्चात् कविताका श्लोकको भाव बताउन प्रेरित गर्नुपर्छ । यसो गर्दा उनीहरूमा परनिर्भरता घटनुका साथै मौखिक सीपको विकास हुन्छ ।

### २.४.५. भावबोध

भवबोध कविता शिक्षणको महत्त्वपूण क्रियाकलाप हो । विद्यार्थीहरूलाई प्रश्नोत्तर गराइसकेपछि कविताको भाव ठम्याउन प्रोत्साहित गर्नुपर्छ । यसोगर्दा निश्चित हरफहरू दिई  त्यहाँ व्यक्त भएको भाव बताउन लगाउनुपर्छ । विद्यार्थीहरूले भाव वताउन नसकेमा शिक्षकले नै बताइदिनुपर्छ । त्यसपछि विद्यार्थीहरूलाई अन्य हरफको भाव बताउन प्रोत्साहित गर्नुपर्छ । विद्यार्थीले स्पष्ट रूपमा भाव बताउन नसकेसम्म यो क्रियाकलाप गराइ रहनुपर्छ । यो क्रियाकलाप गारउँदा शिक्षक स्वयम्ले भाषण छाँट्नुको सट्टा विद्यार्थीहरूलाई सक्रिय बनाउनु पर्छ र सम्भव भएसम्म उपयुक्त चित्र, तस्वीर आदिको प्रदर्शन गर्दै भावलाई प्रस्ट पार्नुपर्छ । भाववोध गराउँदा विद्यार्थीरूलाई कविताका मुख्य-मुख्य श्लोकका पंक्तिगुच्छहरूको व्याख्या गर्न लगाउने र शिक्षकले आवश्यकताअनुसार व्याख्या गरिदिनाले शिक्षण अझै प्रभावकारी हुन्छ ।

### २.४.६ सारांश कथन र लेखन

पाठ्यकविताका मुख्य-मुख्य बुँदाहरूलाई भन्न लगाउनु सारांश कथन हो भने ती बुँदाहरूलाई मिलाएर लेख्न लगाउनु शारांश लेखन हो । सारांश लेखन क्रियाकलाप गराउँदा सुरुमा विद्यार्थीहरूलाई पाठ्यकविताका बारेमा बताउन लगाउनुपर्छ र पछि लेख्न लगाउनुपर्छ । यसो गर्दा विद्यार्थीहरूले केही कुरा छाडेमा शिक्षकहरूले सचेत गराइदिनुपर्छ । यस क्रियाकलापबाट बोलाइ पढाइ र लेखाइ सीपको विकास हुन्छ ।

### २.४.७ अध्यायगत सारांश

साहित्यका श्रव्य र दृष्य दुई भेदहरूमध्ये कविता श्रव्य भेदमा पर्दछ । भाव र लयको उचित संयोजनबाट कविता सिर्जना हुन्छ । यसमा कल्पना, बौद्धिकता आदिको पनि बेजोड मिश्रण रहेको हुन्छ । कवितालाई गद्य र पद्य गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । शास्त्रीय नियममा नबाँधिइकन लेखिएका कविता गद्य कविता हुन् भने पद्य कवितामा कठोर शास्त्रीय नियमको पालना गरिएको हुन्छ । भाषा शिक्षणका क्षेत्रमा कविता शिक्षणलाई एक महत्त्वपूर्ण विधाशिक्षणका रूपमा लिइएको पाइन्छ ।

निम्नमाध्यमिक तहमा मूलतः गति, यति लय मिलाई सस्वर पठनको अभ्यास गराउने, शब्दोच्चारण, वाक्यगठन, शब्दभण्डारको वृद्धि रचनाकौशलको विकास, विशिष्ट पंक्तिको व्याख्या, भावार्थ बताउन सक्ने क्षमताको विकास, भाषिक सीपको विकास कल्पना शक्तिको विकास गराउने उद्देश्य राखेर कविता शिक्षण गरिन्छ । कविता शिक्षणका लागि विविध विधिहरू विकास भएका छन् तापनि नि.मा.वि. तहमा विधिमा भन्दा कार्यकलापलाई जोड दिएर शिक्षण गर्नु उपयुक्त हुन्छ । कक्षा कार्यकलाप सञ्चालनमा स्वतः एउटा न एउटा विधि प्रयोग भएकै हुन्छ । कविता शिक्षण गर्दा सुरुमै विषयवस्तुमा प्रवेश गर्नु हुँदैन । विद्यार्थीलाई पाठ्यविषयवस्तु तर्फ आकर्षित गर्ने क्रियाकलाप पहिले गर्नुपर्छ । त्यसपछि शब्दार्थसम्बन्धी कठिनाइ निवारण गरी लयबोध गराउनु पर्दछ । लयबोध गराउँदा पहिले शिक्षक वा जान्ने विद्यार्थीद्वारा आर्दशवाचन गराउने त्यसपछि समूहवाचन र एकल वाचनसमेत गर्न लगाउनु पर्छ । लयबोध पश्चात् विद्यार्थीहरूलाई बोधप्रश्नोत्तर गराइसकेपछि कविताको भावबोध तर्फ उत्प्रेरित गर्नुपर्दछ । सम्भव भएसम्म चित्र, तस्विर आदिको समेत प्रदर्शन गर्नुपर्दछ । आवश्यक परे पटक पटक व्याख्या समेत गरी कविताको भाव स्पष्ट पारिदिनुपर्छ सकभर कविताको भाव आफै ठम्याउने वातावरणको सिर्जना गर्नुपर्छ । भाव स्पष्ट पार्ने खालका प्रश्नहरू दिई लेख्नसमेत लगाउनुपर्छ । भावबोध गराइसकेपछि सारांश कथन गराउने तथा कविताको सारांश लेखाउने क्रियाकलाप गराउनु पर्छ । यी क्रियाकलाप गराउँदा विद्यार्थीले मुख्य अंश छोडेमा शिक्षकले सचेत गराइदिनुपर्छ ।

# अध्याय-तीन

# व्याख्या तथा विश्लेषण

## ३.१ परिचय

शोधकार्यमा राखिएका उद्देश्यहरू पूरा गर्ने क्रममा यस अध्यायमा व्याख्या तथा विश्लेषण गरिएको छ । वर्तमान अवस्थामा सञ्चालन भइरहेका विद्यालयहरूमा नि.मा.वि. तहको कक्षा आठमा नेपालीभाषा शिक्षणमा शिक्षकहरूले शिक्षणका क्रम अपनाएका शिक्षण विधि र क्रियाकलापको कक्षा अवलोकनको तथ्याङ्क प्रश्नावली फारममा शिक्षकहरूले दिएका उत्तरहरूको विश्लेषण यसअन्तर्गत गरिएको छ । प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई विभिन्न शीर्षकहरूमा राखी निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

## ३.२ विद्यालय र शिक्षकको विवरण

**तालिका नं. १**

**विद्यालय र शिक्षकको विवरण**

| विद्यालयको किसिम | शिक्षकको किसिम | | जम्मा विद्यालय |
|---|---|---|---|
| | तालिम प्राप्त | तालिम अप्राप्त | |
| सरकारी विद्यालय | ५ | ५ | १० |
| निजी विद्यालय | ५ | ५ | १० |
| जम्मा | १० | १० | १० |

माथिको तालिकाअनुसार तथ्याङ्कका लागि छनोट गरिएका विद्यालयहरूमा सरकारी विद्यालय जम्मा १० वटा रहेका छन् भने निजी विद्यालयहरू पनि १० वटा नै रहेका छन् । सरकारी र निजी विद्यालयका जम्मा २० जना शिक्षकहरूमा तालिम प्राप्त शिक्षक सरकारी विद्यालयका ५ र निजी विद्यालयका ५ गरी जम्मा १० जना रहेका छन् भने तालिम अप्राप्तको सङ्ख्या पनि सरकारी र निजीविद्यालयमा ५/५ गरी जम्मा

१० रहेको छ । तालिम प्राप्त शिक्षकका रूपमा नेपाल सरकारबाट सञ्चालित १० महिने तालिम पूरा गरेका अथवा शिक्षा शास्त्र सङ्कायबाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण अर्थात् स्नातक तह, स्नातकोत्तर तहमा शिक्षा विषय अध्ययन गरी सो तह उत्तीर्ण गरेका शिक्षकहरूलाई लिइएको छ ।

### ३.३ शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कको विश्लेषण

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि तयार पारिएको शिक्षक प्रश्नावली फारममा जम्मा १७ वटा बहुवैकल्पिक प्रश्नहरू समावेश गरिएका छन् । यस शिक्षक प्रश्नावली फारम शिक्षकहरू समक्ष राखिएको थियो । यस अध्ययनमा यिनै विविध शीर्षकगत प्रश्नबाट प्राप्त उत्तरलाई प्रतिशतमा देखाइएको छ र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्कलाई पनि उस्तै गरी सँगै देखाइएको छ । यी दुवै फारमबाट प्राप्त तथ्याङ्कलाई तुलनात्मक रूपमा विश्लेषण गरिएको छ ।

#### ३.३.१ पाठयोजना

कविता शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. २**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| १० | ० | १० | ९ | १ | १० |
| १००% | ०% | १००% | ९०% | १०% | १००% |

कविता शिक्षण गर्दा पाठ योजना बनाउनुहुन्छ कि हुन्न भनी सोधिएको प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कका आधारमा तयार पारिएको माथिको तालिकाअनुसार सरकारी विद्यालयमा अध्यापन गर्ने सम्पूर्ण शिक्षकहरूले पाठयोजना

बनाएको बताए भने निजी विद्यालयमा पढाउने ९ जनाले पाठयोजना बनाउने एक जनाले पाठयोजना नबनाउने गरेको वास्तविकता उक्त तालिकाले स्पष्ट पारेको छ ।

**तालिका नं. ३**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| १० | ० | १० | ९ | १ | १० |
| १००% | ०% | १००% | ९०% | १०% | १००% |

शिक्षक प्रश्नावली फारमबाट प्राप्त तथ्याङ्कबाट तयार पारिएको माथिको तालिकाअनुसार शिक्षणका क्रममा तालिम पाप्त १० जनाले अप्राप्त ९ जनाले पाठयोजना बनाउने कुरा स्पष्ट हुन्छ । भने तालिम अप्राप्त १ जनाले मात्र नबनाएको प्रष्ट हुन्छ ।

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कलाई गहिरिएर हेर्दा सरकारी विद्यालय र निजी विद्यालयमा पाठयोजना निर्माणमा असमानता रहेको पाइयो । निजी विद्यालयका जम्मा १०% शिक्षकले पाठयोजना नबनाउने कुरा व्यक्त गरेका आधारमा यी शिक्षकहरूलाई पाठयोजनासम्बन्धी अर्थात् यसको प्रयोजन तथा महत्त्वबारे ज्ञान दिनुपर्ने अवस्था देखियो । त्यस्तै कक्षा अवलोकनका बेला उनीहरूलाई लिखित पाठयोजना देखाउनुहोस् भन्दा कसैले पनि नदेखाएकोले शिक्षकहरूले पाठयोजना निर्माणमा गम्भीरता नदेखाएको तथ्य स्पष्ट हुन्छ ।

### ३.३.२ कविता शिक्षणको अपेक्षित उद्देश्य

कक्षा आठको नेपाली किताबमा समाविष्ट कविताहरूको शिक्षण गर्दा शिक्षकहरूले साहित्यको शिक्षण अर्थात् साहित्यिक रसास्वादन गरिरहेका छन् या भाषिक सीपको शिक्षण गरिरहेका छन् भन्ने कुरा थाहा पाउन उनीहरूले कविता

शिक्षण गर्दा राख्ने उद्देश्य (भाषिक सीप र साहित्यिक रसस्वादन) का सम्बन्धमा प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ४**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ६ | ४ | १० | ५ | ५ | १० |
| ६०% | ४०% | १००% | ५०% | ५०% | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयमा शिक्षण गर्ने ६ जना अर्थात् ६०% शिक्षकले कविता शिक्षण गर्दा भाषिक सीप विकासमा जोड दिने बताए भने ४०% शिक्षकले कविता शिक्षणलाई साहित्यिक रसास्वादनका रूपमा लिएको पाइयो । निजी विद्यालयमा भने ५०% शिक्षकले कविता शिक्षणलाई भाषिक सीप विकास र ५०% शिक्षकले साहित्यिक रसास्वादनका रूपमा लिएको पाइयो ।

**तालिका नं. ५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | जम्मा |
| ७ | ३ | १० | ४ | ६ | १० |
| ७०% | ३०% | १००% | ४०% | ६०% | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कलाई हेर्दा तालिम प्राप्त १० जना शिक्षकहरूमध्ये ७०% ले भाषिक सीप विकास मा जोड दिएको पाइयो भने ३०% ले साहित्यिक रसास्वादनमा जोड दिने गरेको देखियो । तालिम अप्राप्त १० जना शिक्षक मध्ये ६०% ले साहित्यिक रसास्वादन र ४०%ले भाषिक सीप विकासमा जोड दिएको पाइयो ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | | निजी विद्यालय शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा |
| ४ | ४ | २ | १० | ४ | ४ | २ | १० |
| ४०% | ४०% | २०% | १००% | ४०% | ४०% | २०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ४०% शिक्षकहरूले भाषिक सीप विकासलाई जोड दिएर कविता शिक्षण गर्ने र ४०% शिक्षकले साहित्यिक रसास्वादन गराउने देखिएको छ भने साहित्यिक रसास्वादन हो कि भाषिक सीप विकासमा जोड दिइएको हो सो छुट्टयाउन नसकिने गरी २०% शिक्षकले शिक्षण गरेको देखिन्छ । यस प्रश्नमा सरकारी र निजी विद्यालयको समान तथ्याङ्क रहेको समेत स्पष्ट हुन्छ ।

**तालिका नं. ७**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा | भाषिक सीप विकास | साहित्यिक रसास्वादन | अस्पष्ट | जम्मा |
| ५ | ३ | २ | १० | ३ | ५ | २ | १० |
| ५०% | ३०% | २०% | १००% | ३०% | ५०% | २०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार ५०% तालिम प्राप्त शिक्षकहरूले भाषिक सीप विकासमा जोड दिएर शिक्षण गरेको, ३०%ले साहित्यिक रसास्वादन गराएको २०%ले अस्पष्ट शिक्षण गरेको देखाएको छ भने ३०% तालिम अप्राप्त शिक्षकले भाषिक सीप विकासमा जोड दिएर शिक्षण गरेको र ५०% ले साहित्यिक सरास्वादन गराएको २०%ले अस्पष्ट शिक्षण गरेको देखाएको छ ।

प्रश्नावली र कक्षा अवलोकनबाट आएको तथ्याङ्कलाई हेर्दा नि.मा.वि.को नेपाली भाषा पाठ्यक्रमले अपेक्षा गरेअनुरूप शिक्षण नभएको पाइयो । नि.मा.वि. स्तरको नेपाली भाषा पाठ्यक्रमको उद्देश्य भनेको सुनाइ, बोलाइ लेखाइ, पढाइ जस्ता भाषिक सीपहरूको वृद्धि गर्नु हो तर सोअनुरूप सबै शिक्षकहरू शिक्षणकार्यमा संलग्न नभएको पाइयो । त्यसमा पनि तालिम प्राप्त शिक्षकभन्दा अप्राप्त शिक्षकहरू साहित्यिक रसास्वादनतर्फ बढी ढल्केको पाइयो । विद्यार्थी तथा सर्वसाधारणको दृष्टिमा भने भाषिक सीपलाई जोड दिने शिक्षकभन्दा साहित्यिक रसास्वादन गराउने शिक्षक लोकप्रिय रहेको पाइयो ।

### ३.३.३ शब्दार्थ शिक्षण

कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्नुहुन्छ कि गर्नुहुन्न भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू निम्नलिखित रूपमा प्रस्तुत गरिएका छन् :

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ८**

**सरकारी र निजी विद्यालयको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | ० | १० | १० | ० | १० |
| १००% | ०% | १००% | १००% | ०% | १००% |

माथिको तथ्याङ्कअनुसार कविता शिक्षण गर्दा सरकारी तथा निजी विद्यालयका सम्पूर्ण शिक्षकहरूले शब्दार्थ शिक्षण गर्ने बताए । वास्तवमा शब्दार्थ शिक्षण नगराइकन कविता शिक्षण गर्नु राम्रो होइन तर पनि व्यवहार र भनाइमा के कति फरक छ भन्ने कुरा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कले मात्र प्रस्ट पार्दछ । माथिको तथ्याङ्क अनुसार त सम्पूर्ण निजी तथा सरकारी विद्यालयका तालिमप्राप्त एवम् अप्राप्त सबै खाले शिक्षकले कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्ने गरेको बताएका छन् ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ९**

**सरकारी र निजी विद्यालयका शिक्षकहरूको तुलना**

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ७ | ३ | १० | ८ | २ | १० |
| ७०% | ३०% | १००% | ८०% | २०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कले सरकारी विद्यालयका ७०% निजी विद्यालयका ८०% शिक्षकले शब्दार्थ शिक्षण गर्ने र सरकारी विद्यालयका ३०% र निजी विद्यालयका २०% ले शब्दार्थ शिक्षण नगर्ने भन्ने कुरा स्पष्ट पारेको देखिन्छ ।

## तालिका नं. १०

## तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ९ | १ | १० | ६ | ४ | १० |
| ९०% | १०% | १००% | ६०% | ४०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार ९०% तालिम प्राप्त शिक्षकले कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गरेको, १०% ले नगरेको र ६०% तालिम अप्राप्त शिक्षकले कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गरेको ४०%ले शब्दार्थ शिक्षण नगरेको जनाएको छ ।

माथिका तथ्याङ्कहरूलाई हेर्दा सबै शिक्षकहरूमा कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्नुपर्छ भन्ने ज्ञान भएको तर व्यवहारमा गम्भीर नभएको पाइयो भने तालिम अप्राप्तका तुलनामा प्राप्त, सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका शिक्षकहरू सचेत रहेको पाइयो ।

### ३.३.४ वाक्यमा प्रयोग

शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्नुहुन्छ कि गर्नुहुन्न भन्ने प्रश्नबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार छन्:

### प्रश्नावलीबाट प्राप्त तथ्याङ्क

## तालिका नं. ११

## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालय शिक्षक | | | निजी विद्यालय शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

माथिको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई निजी तथा सरकारी विद्यालयका सम्पूर्ण शिक्षकहरूले कविता शिक्षण अन्तर्गत शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउने गरेको पुष्टि हुन्छ ।

**तालिका नं. १२**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त तथा अप्राप्त सम्पूर्ण शिक्षकहरूले कविता शिक्षणअन्तर्गत शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने गरेको कुरा स्पष्ट भएको छ ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. १३**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ४ | ६ | १० | २ | ८ | १० |
| ४०% | ६०% | १००% | २०% | ८०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकले कविता शिक्षणका क्रममा शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको स्प्रष्ट हुन्छ भने ६०% ले नलगाएको देखिन्छ । निजी विद्यलायका २०% शिक्षकले लगाएको र ८०% ले नलगाएको प्रस्ट हुन्छ ।

**तालिका नं. १४**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ५ | ५ | १० | १ | ९ | १० |
| ५०% | ५०% | १००% | १०% | ९०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्क अनुसार ५०% तालिम प्राप्त शिक्षकहरूले कविता शिक्षणका क्रममा शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको स्प्रस्ट हुन्छ भने ५०% ले नलगाएको देखिन्छ । तालिम अप्राप्त शिक्षकहरूको हकमा भने फरक अवस्था देखिन्छ । १०% तालिम प्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाएको र ९०% शिक्षकहरूले वाक्यमा प्रयोग गर्न नलगाएको पाइयो ।

उक्त तथ्याङ्कको विश्लेषणबाट कतिपय तालिम प्राप्त शिक्षकहरूले ज्ञान भएर पनि लापरवाही गर्ने गरेको र कति पयले थाहा नपाएर शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग नगर्ने गरेको हुन सक्ने अनुमान शोधकर्ताको रहेको छ ।

### ३.३.५ गति यति (शिक्षकले)

शिक्षकहरूलाई गरिएको गति यति मिलाई कविता वाचन गर्नुहुन्छ या गर्नुहुन ? भन्ने प्रश्नसम्बनधमा फेला परेका तथ्यहरूलाई निर्मलिखित रूपमा तालिकाबद्ध गरिएको छ ।

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. १५**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १०० % | - | १००% |

उक्त तथ्याङ्कअनुसार सरकारी विद्यालयका १० जना १००% र निजी विद्यालयका १० जना १००% शिक्षक तथा सम्पूर्ण तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा गति, यति र लय मिलाई लयवाचन गर्ने कुरा स्पष्ट हुन्छ ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. १६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ७ | ३ | १० | ८ | २ | १० |
| ७० % | ३० % | १००% | ८०% | २०% | १००% |

माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ७ जना अर्थात् ७० % तथा निजी विद्यालयका ८ जना अर्थात् ८०% शिक्षकहरूले कविता शिक्षण गर्दा गति, यति मिलाई लयवाचन गर्ने गरेको वास्तविकता स्पष्ट हुन्छ भने ३०% सरकारी विद्यालयका शिक्षकहरूले र २०% निजी विद्यालयका शिक्षकहरूले नगरेको देखिन्छ ।

**तालिका नं. १७**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ८ | २ | १० | ७ | ३ | १० |
| ८० % | २० % | १००% | ७०% | ३०% | १००% |

माथिको तथ्याङ्कको विश्लेषणअनुसार ८ जना अर्थात् ८०% तलिम प्राप्त शिक्षकले गति, यति मिलाई लयवाचन गरेको पाइयो भने ७ जना अर्थात् ७०% तालिम अप्राप्त शिक्षकले पनि गति, यति मिलाई लयवाचन गरेको देखिन्छ । तालिम प्राप्त २

जना अर्थात् २०% ले र तालिम अप्राप्त ३ जना अर्थात् ३०% ले गति, यति मिलाई लयवाचन नगरेको प्रष्ट हुन्छ ।

कविताको लयवाचनको अवस्थालाई अझै गहिरिएर भन्नु पर्दा कतिपय विद्यालयका शिक्षकहरू कविताको लयवाचन गरेर सुनाउन उत्सुक भएको तर उनीहरूको घाँटी (गला) ले साथ नदिएको र कतिपयले लयवाचन गर्दा कविताको आरोह अवरोहको स्थिति मिलाउन नसक्दा हास्यास्पद स्वर निस्केको र विद्यार्थी गललल हाँसेको अवस्था पनि कक्षा अवलोकनका क्रममा देख्न पाइयो ।

प्रश्नावली तथा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्दा कविता शिक्षण गर्दा शिक्षकले पनि गति, यति लय, मिलाई लयवचन गर्नुपर्छ भन्ने ज्ञान सम्पूर्ण शिक्षकलाई भएको तर व्यवहारमा त्यो नदेखिएको स्प्रष्ट हुन्छ । सरकारीका तुलनामा निजी विद्यालयका शिक्षक तालिम अप्राप्तका तुलनमा प्राप्त शिक्षक यस कार्यमा सचेत रहेको पाइयो भने कतिपय शिक्षक आफ्नो गलाका कारण पनि खुम्चिन बाध्य रहेको पाइयो ।

### ३.३.६ गति, यति (विद्यार्थीलाई)

कविता शिक्षण गर्दा विद्यार्थीलाई गति, यति मिलाई कविता वाचन गराउनु हुन्छ या गराउनु हुन्न भन्ने प्रश्नका माध्यमबाट प्राप्त तथ्याङ्कहरू निम्न अनुसार छन्:

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. १८**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १०० % | - | १००% | १०० % | - | १००% |

उक्त तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका सम्पूर्ण तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा विद्यार्थीलाई गति, यति मिलाई लयवाचन गर्न लगाउने बताएको पाइयो ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. १९**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ९ | १ | १० | ६ | ४ | १० |
| ९० % | १०% | १००% | ६० % | ४०% | १००% |

माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ९०% निजी विद्यालयका ६०% शिक्षकहरूले विद्यार्थीलाई गति, यति मिलाई लयवाचन गराउने गरेको प्रष्ट हुन्छ भने १०% सरकारी विद्यालयका शिक्षक ४०% निजी विद्यालयका शिक्षकहरूले लयवाचन नगराएको कुरा स्पष्ट हुन्छ ।

**तालिका नं. २०**

**तालिम प्राप्त अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ८ | २ | १० | ७ | ३ | १० |
| ८० % | २०% | १००% | ७० % | ३०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार ८ जना अर्थात् ८०% तालिम प्राप्त शिक्षकले गति, यति मिलाएर विद्यार्थीलाई लयवाचन गराएको पाइयो भने ७०% तालिम अप्राप्त शिक्षकले पनि विद्यार्थीलाई गति, यति मिलाएर कविता वाचन

गर्न लगाएको पाइयो । त्यसै गरी तालिम प्राप्त २०% र तालिम अप्राप्त ३०% शिक्षकले गति, यति मिलाएर विद्यार्थीहरूलाई लयवाचन नगराएको पाइयो ।

यसप्रकार प्रायः शिक्षकहरूलाई कविता शिक्षण गर्दा गति, यति मिलाएर शिक्षण गर्नुपर्छ भन्ने सैद्धान्तिक ज्ञान भएको वास्तविक प्रश्नावलीका माध्यमबाट स्प्रष्ट हुन्छ तर कक्षा अवलोकनको तथ्याङ्कलाई हेर्दा प्रयोग पक्षमा बेवास्ता गरी सम्पूर्णले व्यवहारमा लागु नगरेको वास्तविकता अवगत हुन्छ ।

**३.३.७ लयवाचन** (क)

विद्यार्थीलाई लयवाचन गराउँदा कुन क्रियाकलाप अपनाउनु हुन्छ भन्ने प्रश्नको माध्यमबाट प्राप्त तथ्याङ्कहरू निम्न अनुसार रहेका छन् :

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. २१**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | दुवै | जम्मा | समूहगत | एकल | दुवै | जम्मा |
| २ | १ | ७ | १० | १ | - | ९ | १० |
| २०% | १०% | ७०% | १००% | १० | - | ९०% | १००% |

उक्त तथ्याङ्कअनुसार सरकारी विद्यालयका २ जना अथवा २०% शिक्षकले समूहगत लयवाचन गराउने बताए । १ जना अथवा १०% शिक्षकले एकलवाचन गराउने बताए भने ७ जना अर्थात् ७०% शिक्षकले दुवै कार्यकलाप गराउने बताए । निजी विद्यालयका ९ जना अर्थात् ९०% शिक्षकहरूले कविता शिक्षण गर्दा एकल र समूहवाचन दुवै क्रियाकलाप अपनाउने बताए भने १ जना अर्थात् १०% शिक्षकले समूहगत रूपमा लयवाचन गराउने बताए ।

### तालिका नं. २२

### तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | दुवै | जम्मा | समूहगत | एकल | दुवै | जम्मा |
| १ | १ | ८ | १० | २ | - | ८ | १० |
| १०% | १०% | ८०% | १००% | २० | - | ८०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार कविता शिक्षण गर्दा ८०% तालिम प्राप्त शिक्षकले समूहगत र एकल दुवै किसिमले लयवाचन गराउने कुरा स्पष्ट हुन्छ भने एकजना अर्थात् १०% ले एकल लयवाचन गराउने र एकै जना अर्थात् १०% शिक्षकले समूहगत रूपमा लयवाचन गराउने कुरा अवगत हुन्छ । त्यस्तै तालिम अप्राप्त शिक्षकहरूमा पनि ८०%ले दुवै खाले क्रियाकलाप गर्ने र २०% शिक्षकले समूहगत रूपमा लयवाचन गराउने कुरा स्प्रष्ट हुन्छ ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

### तालिका नं. २३

### सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | दुवै | नगरिएको | जम्मा | समूहगत | एकल | दुवै | नगरिएका | जम्मा |
| ४ | २ | ४ | - | १० | ५ | २ | ३ | - | १० |
| ४०% | २०% | ४०% | - | १००% | ५०% | २०% | ३०% | - | १००% |

उपर्युक्त तथ्याङ्कअनुसार सरकारी विद्यालयका ४०% शिक्षकले समूहगत, २०% ले एकल र ४०%ले दुवै क्रियाकलाप अपनाएर लय वाचन गराएको पाइयो भने निजी विद्यालयका ५०% शिक्षकले समूहगत, २०% ले एकल ३०% ले दुवै किसिमको क्रियाकलाप अपनाएको पाइयो ।

### तालिका नं. २४

### सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | | | तालिम अप्राप्त शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | दुवै | नगरिएको | जम्मा | समूहगत | एकल | दुवै | नगरिएका | जम्मा |
| ४ | ३ | ३ | - | १० | ५ | १ | ४ | - | १० |
| ४०% | ३०% | ३०% | - | १००% | ५०% | १०% | ४०% | - | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार समूहगत रूपमा लयवाचन गराउने तालिम प्राप्त शिक्षक ४ जना अर्थात् ४०% एकल लयवाचन गराउने ३ जना अर्थात् ३०%, एकल र समूहगत दुवै क्रियाकलाप गराउने ३ जना अर्थात् ३०% रहेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरूमा समूहगत लयवाचन गराउने ५ जना अर्थात् ५०% शिक्षक, एकल लयवाचन गराउने १ जना अर्थात् १०% शिक्षक, दुवै क्रियाकलाप गराउने ४ जना अर्थात् ४०% शिक्षकहरू रहेको पाइयो ।

उक्त तथ्याङ्कका आधारमा सरकारी विद्यालय र निजी विद्यालयको लयवाचनको तथ्याङ्कमा समानता नआएको देखिन्छ । यसलाई कक्षा अवलोकनको नतिजाले पनि पुष्टि गरेको पाइन्छ । त्यस्तै तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले गर्ने क्रियाकलापमा पनि भिन्नता रहेको पाइयो । समग्रमा भन्नुपर्दा सरकारी, निजी तथा तालिम प्राप्त, अप्राप्त सबै खाले शिक्षकहरूले कविता शिक्षण गर्दा अझै सचेतता अपनाउनुपर्ने देखिन्छ । सैद्धान्तिक रूपमा ज्ञान हासिल गरेर पनि त्यसलाई व्यवहारमा नउर्तानु कमजोरीको सङ्केत हो भन्न सकिन्छ नजानेर गरिने गल्तीलाई क्षम्य मानिए पनि जानेको कुरालाई व्यवहारमा नउतार्नु वा उर्तान कोसिससम्म पनि नगर्नुले आफ्नो कर्तव्यप्रति शिक्षकहरूको गम्भीरता कम भएको मान्न सकिन्छ ।

### ३.३.८ लयवाचन (ख)

विद्यार्थीलाई लयवाचन गराउँदा कुन क्रियाकलाप पहिला अपनाउनुहुन्छ भनी राखिएको जिज्ञासामा शिक्षक प्रश्नावली फारम र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. २५**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| समूहगत | एकल | जम्मा | समूहगत | एकल | जम्मा |
| ८ | २ | १० | ७ | ३ | १० |
| ८० % | २०% | १००% | ७० % | ३०% | १००% |

माथिको तथ्याङ्कले कविता शिक्षणका क्रममा लयवाचन गराउँदा कुन किक्रयाकलाप पहिले गराउनुहुन्छ भन्ने प्रश्नमा सम्पूर्ण सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले दिएको उत्तरमा समानता नरहेको देखाउँछ । यही अवस्था सम्पूर्ण तालिम प्राप्त वा अप्राप्त शिक्षकका हकमा पनि पाइन्छ । यस आधारमा सरकारी विद्यालयका ८ जना अर्थात् ८०% ले समूहवाचन पहिले गराउने २ जना वा २० % ले एकलवाचन पहिले गराउने जानकारी दिए । निजी विद्यालयका ७ जना अर्थात् ७०% शिक्षकले समूहवाचन पहिले गराउने बताए भने ३ जना अर्थात् ३०% शिक्षकले एकलवाचन पहिले गर्ने कुरा बताए ।

**तालिका नं. २६**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| समूहगत | एकल | जम्मा | समूहगत | एकल | जम्मा |
| ८ | २ | १० | ७ | ३ | १० |
| ८० % | २०% | १००% | ७० % | ३०% | १००% |

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरिएको माथिको परिणाममा तालिम प्राप्त ८ जना अर्थात् ८०% शिक्षकहरूले समूहगत लयवाचन पहिले गराउने बताए । २ जना अर्थात् २०% शिक्षकले एकलवाचन पहिले गराउने कुरा गरे । तालिम

अप्राप्त ७ जना अथात् ७०% ले समूहवाचन पहिले गराउने र ३ जना अर्थात् ३०% ले एकलवाचन पहिले गराउने बताए ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. २७**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | ख्याल नगरिएको | जम्मा | समूहगत | एकल | ख्याल नगरिएको | जम्मा |
| ६ | ४ | - | १० | ६ | १ | ३ | १० |
| ६०% | ४०% | - | १००% | ६०% | १०% | ३०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरिएको माथिको परिणाममा सरकारी विद्यालयका ६ जना अर्थात् ६०% शिक्षकले समूहगत लयवाचन पहिले गराएको पाइयो । ४ जना अर्थात् ४०% शिक्षकले एकलवाचन पहिले गराएको पाइयो । निजी विद्यालयका ६ जना अर्थात् ६०% ले समूहगत लयवाचन पहिले गराएको, १ जना अर्थात् १०% ले एकल लयवाचन पहिले गराएको र ३ जना अर्थात् ३०% शिक्षकले कुन क्रियाकलाप पहिले गर्ने भन्ने कुरामा ख्याल नराखेको पाइयो ।

**तालिका नं. २८**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| समूहगत | एकल | ख्याल नगरिएको | जम्मा | समूहगत | एकल | ख्याल नगरिएको | जम्मा |
| ७ | १ | २ | १० | ५ | ४ | १ | १० |
| ७०% | १०% | २०% | १००% | ५०% | ४०% | १०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्गअनुसार तालिम प्राप्त १ जना अर्थात् १०% शिक्षकले एकलवाचन पहिला गराउने ७ जना अर्थात् ७०% शिक्षकले समूहगत

वाचन पहिला गराउने गरेको पाइयो भने तालिम प्राप्त शिक्षकहरूमध्ये २ जना अर्थात् २०% ले ख्याल नगरेको बताए भने तालिम अप्राप्त शिक्षकहरू मध्ये ४ जना अर्थात् ४०% शिक्षकले एकल वाचन पहिला गराएको, ५ जना अर्थात् ५०% शिक्षकले समूहगत लयवाचन पहिला गराएको र १ जना अर्थात् १०% ले कुन क्रियाकलाप पहिले गर्ने भन्ने कुरामा ख्याल नराखेको पाइयो ।

### ३.३.९ भाव बोध

कविता शिक्षकण गर्दा भावबोध गराउनु हुन्छ कि गराउनुहुन्न ? भन्ने प्रश्न सम्पूर्ण शिक्षकहरूलाई राख्दा सबैले कविता शिक्षण गर्दा भावबोध गराउने कुरा बताए । कक्षा अवलोकनको माध्यमबाट पनि यही कुरा पत्ता लगाइयो । त्यस कारण कविता शिक्षण गर्दा शिक्षकहरूले भावबोध गराउने गरेको पाइयो ।

### ३.३.१० सारांश

विद्यार्थीलाई कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउनुहुन्छ कि लगाउनु हुन्न ? भन्ने प्रश्नका माध्यमबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन्:

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं.२९**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलागाउने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८० % | २०% | १००% | ९० % | १०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ८ जना अर्थात् ८०% शिक्षकले कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउने गरेका, २ जना

अर्थात् २०% ले नलगाएको र निजी विद्यालयका ९ जना अर्थात् ९०% ले लगाउने १ जना अर्थात् १०% ले नलगाउने गरेको देखिन्छ ।

**तालिका नं. ३०**

**तालिम प्राप्त र अप्राप्त शिक्षक तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलागाउने | जम्मा |
| १० | - | १० | ७ | ३ | १० |
| १०० % | - | १००% | ७०% | ३०% | १००% |

माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त १००% र अप्राप्त ७०% शिक्षकले सारांश कथन गराउने ३०% तालिम अप्राप्त शिक्षकहरूले सारांश कथन नगर्ने कुरा स्प्रष्ट हुन्छ ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ३१**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलागाउने | जम्मा |
| ३ | ७ | १० | १ | ९ | १० |
| ३० % | ७०% | १००% | १० % | ९०% | १००% |

माथिको तालिकामा सरकारी विद्यालयका ३ जना अर्थात् ३०% शिक्षकले कविता शिक्षण गर्दा विद्यार्थीलाई शारांश कथन गर्न लगाएको, ७ जना अर्थात् ७०% ले नलगाएको देखियो । त्यस्तै निजी विद्यालयका १ जना अर्थात् १०% ले सारांश कथन गर्न लगाएको ९ जना अर्थात् ९०% ले नलगाएको पाइयो ।

### तालिका नं. ३२

### तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलागाउने | जम्मा |
| ३ | ७ | १० | १ | ९ | १० |
| ३० % | ७०% | १००% | १० % | ९०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त ३ जना अर्थात् ३०% ले कविता शिक्षण गर्दा सारांश कथन गराउने, ७ जना अर्थात् ७०% तालिम प्राप्त शिक्षकले नगराउने गरेको पाइयो । त्यसैगरी १ जना अर्थात् १०% तालिम अप्राप्त शिक्षकले सारांश कथन गराउने गरेको र ९०% तालिम अप्राप्त शिक्षकले नगराउने गरेको पाइयो ।

माथिका तथ्याङ्कहरूबाट सरकारी र निजी विद्यालयका अधिकांश तालिम प्राप्त अप्राप्त शिक्षकहरूलाई सारांश कथन गराउनुपर्छ भन्ने ज्ञान हुँदाहुँदै पनि प्रयोग पक्षमा गम्भीरताको अभाव छ भन्ने कुरा पुष्टि हुन्छ ।

### ३.३.११ सारांश लेखन

कविता शिक्षण गर्दा विद्यार्थीलाई सारांश लेखन गर्न लगाउनुहुन्छ कि लगाउनुहुन्न भन्ने प्रश्नबाट निम्न तथ्याङ्क प्राप्त भएका छन् :

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

### तालिका नं. ३३

### सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलागाउने | जम्मा |
| ६ | ४ | १० | ९ | १ | १० |
| ६० % | ४०% | १००% | ९० % | १०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कले सरकारी विद्यालयका ६ जना अर्थात् ६०% शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश लेखन कार्य गर्न लगाउने बताए भने ४ जना अर्थात् ४०% शिक्षकहरूले नलगाउने जनाए त्यस्तै निजी विद्यालयका ९०% शिक्षकले लगाउने र १०%ले नलगाउने बताए ।

**तालिका नं. ३४**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलागाउने | जम्मा |
| ८ | २ | १० | ७ | ३ | १० |
| ८०% | २०% | १००% | ७० % | ३०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार ८ जना तालिम प्राप्त शिक्षक अर्थात् ८०% ले कविता शिक्षण गर्दा सारांश लेख्न लगाउने, २ जना अर्थात् २०%ले नलगाउने जनाए ७ जना तालिम अप्राप्त अर्थात् ७०% ले सारांश लेख्न लगाउने र ३ जना वा ३०% शिक्षकहरूले नलगाउने जनाए ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ३५**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलागाउने | जम्मा |
| - | १० | १० | - | १० | १० |
| - | १००% | १००% | - | १००% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको माथिको तालिकाअनुसार सम्पूर्ण सरकारी तथा निजी विद्यालयका तालिम प्राप्त अप्राप्त शिक्षकहरूले कविता शिक्षण गर्दा सारांशलेखन गर्न नलागाएको पाइयो ।

प्रश्नावलीमा अधिकांश शिक्षकहरूले शारांश लेखन गर्न लगाउने बताएका थिए तर कक्षा अवलोकनमा यो स्थिति देखिएन । यस कुराले शिक्षकहरूलाई वास्तविकता थाहा भएर पनि उनीहरूमा व्यवहारमा प्रयोग नगर्ने प्रवृत्ति बढेको छ भन्ने देखाउँछ ।

### ३.३.१२ शिक्षण सामग्री

कविता शिक्षण गर्दा के कस्ता सामग्रीको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नबाट निम्न तथ्याङ्क प्राप्त भएको छ ।

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ३६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र अ.स. सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र अ.स. सामग्री | जम्मा |
| - | १० | - | १० | - | १० | - | १० |
| - | १००% | - | १००% | - | १००% | - | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको परिणाममा सरकारी र निजी विद्यालयका सम्पूर्ण शिक्षकहरूले कविता शिक्षण गर्दा कालोपाटी र पाठ्यपुस्तकलाई शिक्षण सामग्रीका रूपमा प्रयोग गर्ने बताए ।

वास्तवमा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्न पाठ्यपुस्तक र कालोपाटी मात्र प्रर्याप्त हुँदैन । शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती, गोजी तालिका, चित्रपत्ती, फ्लाटिन पाटी आदि सामग्रीहरूको पनि जरुरत पर्दछ । विशेषतः तालिमप्राप्त शिक्षकहरूलाई यो कुरा थाहा छ तर पनि शिक्षण सामग्रीको प्रयोगतर्फ शिक्षकहरू किन उदासीन छन् ? यो सोचनीय विषय छ ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ३७**

**सरकारी र निजी विद्यालयका शिक्षक तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र अ.स. सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र अ.स. सामग्री | जम्मा |
| ४ | ६ | - | १० | ३ | ७ | - | १० |
| ४०% | ६०% | - | १००% | ३०% | ७०% | - | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको तथ्याङ्क अनुसार सरकारी विद्यालयमा शिक्षण गर्ने ४ जना अर्थात् ४०% शिक्षकहरूले पाठ्यपुस्तक मात्र प्रयोग गरेको र ६ जना अर्थात् ६०% शिक्षकहरूले पाठ्यपुस्तक र कालोपाटी प्रयोग गरेको पाइयो । निजी विद्यालयका ३०% शिक्षकहरूले पाठयपुस्तक मात्र प्रयोग गर्ने गरेको, ७०% ले कालोपाटी र पाठ्यपुस्तक प्रयोग गरेको स्पष्ट हुन्छ ।

**तालिका नं. ३८**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र अ.स. सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | पाठ्यपुस्तक र कालोपाटी | पा.का.र अ.स. सामग्री | जम्मा |
| ३ | ७ | - | १० | ४ | ६ | - | १० |
| ३०% | ७०% | - | १००% | ४०% | ६०% | - | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको माथिको तालिकाअनुसार कविता शिक्षण गर्दा पाठ्यपुस्तक मात्र प्रयोग गर्ने तालिम प्राप्त शिक्षकहरू ३ जना अर्थात् ३०% र पाठ्यपुस्तक र कालोपाटी प्रयोग गर्ने ७ जना अर्थात् ७०% शिक्षकहरू रहेका छन् । तालिम अप्राप्त शिक्षकहरूमध्ये ४ जनाले अर्थात्

४० % ले पाठ्यपुस्तक मात्र प्रयोग गर्ने गरेको र ६ जना अर्थात् ६०% ले कालोपाटी र पाठ्यपुस्तकलाई शिक्षण सामग्रीका रूपमा प्रयोग गर्ने गरेको पाइयो ।

वास्तवमा शिक्षण कार्य प्रभावकारी बनाउन अन्य सहायक शिक्षण सामग्रीको आवश्यकता पर्छ तर पनि शिक्षकहरूमा अन्य शिक्षण सामग्रीको प्रयोग गर्ने तर्फ सोच नआउनुले उनीहरूले सैद्धान्तिक रूपमा हासिल गरेको ज्ञान सीपलाई कार्य क्षेत्रमा प्रयोग गर्न अल्छी गरेको देखिन्छ ।

### ३.३.१३ विद्यार्थी मूल्याङ्कन

कक्षाकार्यकलापपछि नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ कि गर्नुहुन्न भन्ने प्रश्नका आधारमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन्:

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिमा नं. ३९**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तयार पारिएको माथिको तालिकाअनुसार सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने सम्पूर्ण तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कविता शिक्षणसिकाइ कार्यकलापपश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्ने कुरा बताए ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ४०**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ४ | ६ | १० | ३ | ७ | १० |
| ४०% | ६०% | १००% | ३०% | ७०% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको विवरणअनुसार सरकारी विद्यालयका ४०% ले शिक्षण कार्यकलापपश्चात् विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो भने सरकारी विद्यालयकै ६०% शिक्षकहरूले नगरेको पाइयो । निजी विद्यालयका ३०% शिक्षकहरूले शिक्षण कार्यकलापपश्चात् विद्यार्थी मूल्याङ्कन  गरेको र ७०% शिक्षकले नगरेको पाइयो । यस तथ्याङ्कले मुल्याङ्कन पक्ष कमजोर स्थितिमा रहेको पुष्टि हुन्छ ।

**तालिका नं. ४१**

**तालिमप्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गरेको | नगरेको | जम्मा | गरेको | नगरेको | जम्मा |
| ५ | ५ | १० | २ | ८ | १० |
| ५०% | ५०% | १००% | २०% | ८०% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको विवरणअनुसार तालिम प्राप्त ५ जना अर्थात् ५०% शिक्षकहरूले कविता शिक्षण प्रश्चात् विद्यार्थी मूल्याङ्कन गरेको, ५ जना अर्थात् ५०% ले नगरेको त्यस्तै तालिम अप्राप्त शिक्षकहरूमध्ये २ जना अर्थात् २०% ले विद्यार्थी मूल्याङ्कन गरेको ८ जना अर्थात् ८०% ले नगरेको पाइयो । यो मूल्याङ्कनतर्फको ज्यादै निराशाजनक  स्थिति हो भन्ने स्पष्ट हुन्छ ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसार सरकारी, निजी, तालिमप्राप्त, अप्राप्त सबै खाले शिक्षकहरूलाई कविता शिक्षणपश्चात् विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ भन्ने सैद्धान्तिक ज्ञान रहेको तर यस ज्ञानलाई सबैले प्रयोगमा नल्याएको पाइयो । विद्यार्थी मूल्याङ्कनको सवालमा निजी विद्यालयका भन्दा सरकारी विद्यालयका शिक्षकहरू बढी सचेत रहेको पाइयो भने तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकले बढी सचेतता अपनाएको पाइयो ।

### ३.३.१४ मूल्याङ्कनका साधन

दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप अँगाल्नुहुन्छ भनी सोधिएको प्रश्नका आधारमा प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् ।

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ४२**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुवै | जम्मा |
| १ | ७ | २ | १० | १ | ५ | ४ | १० |
| १०% | ७०% | २०% | १००% | १०% | ५०% | ४०% | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरेर तयार पारेको माथिको नतिजाअनुसार सरकारी विद्यलायका १०% ले लिखित, ७०% ले मौखिक, २०%ले लिखित मौखिक दुवैखाले मूल्याङ्कनका साधन अपनाउने बताए । निजी विद्यालयका १०%ले लिखित, ५०% ले मौखिक, ४०% शिक्षकले दुवैखाले मूल्याङ्कनका साधन अपनाएर मूल्याङ्कन गर्ने गरेको पुष्टि भएको छ ।

**तालिका नं. ४३**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | तालिम अप्राप्त शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | जम्मा | लिखित | मौखिक | दुवै | जम्मा |
| १ | ४ | ५ | १० | १ | ८ | १ | १० |
| १०% | ४०% | ५०% | १००% | १०% | ८०% | १०% | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी लालिकीकरण गरिएको माथिको परिणामले तालिमप्राप्त शिक्षकहरूमध्ये १०% ले लिखित, ४०% ले मौखिक, ५०% ले दुवै किसिमका मूल्याङ्कनका साधन अपनाउने, तालिम अप्राप्त शिक्षकहरूमध्ये १०%ले लिखित ८०% ले मौखिक र १०% ले दुवै खाले मूल्याङ्कनका साधन अपनाएर विद्यार्थी मूल्याङ्कन गरेको देखाएको छ । यसमा तालिम अप्राप्त शिक्षकको मूल्याङ्कन नभएको वास्तविकता देखिएको छ ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ४४**

**सरकारी र निजी विद्यलायका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | नगरेको | जम्मा | लिखित | मौखिक | दुवै | नगरेको | जम्मा |
| - | ५ | - | ५ | १० | - | ४ | - | ६ | १० |
| - | ५०% | - | ५०% | १०००% | - | ४०% | - | ६०% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरिएको माथिको विवरणले सरकारी विद्यालयका ५०% ले मौखिकरूपमा नियमित विद्यार्थी मूल्याङ्कन गर्ने, ५०% ले नगर्ने जनाएको छ भने निजी विद्यालयका ४०% ले मौखिक मूल्याङ्कन गरेको र ६०% शिक्षकहरूले नियमित विद्यार्थी मूल्याङ्कन नगरेको देखाएको छ ।

**तालिका नं. ४५**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | | | तालिम अप्राप्त शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| लिखित | मौखिक | दुवै | नगरेको | जम्मा | लिखित | मौखिक | दुवै | नगरेको | जम्मा |
| - | ६ | - | ४ | १० | - | ३ | - | ७ | १० |
| - | ६०% | - | ४०% | १०००% | - | ३०% | - | ७०% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी सङ्कलित तथ्याङ्कलाई तालिकीकरण गरिएको माथिको विवरणअनुसार ६०% तालिमप्राप्त शिक्षकहरूले मौखिक रूपमा नियमित विद्यार्थी मूल्याङ्कन गरेको, ४०% शिक्षकहरूले कुनै पनि प्रकारको नियमित मूल्याङ्कन नगरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरूमध्ये ३०%ले नियमित रूपमा मौखिक मुल्याङ्कन गरेको ७०% शिक्षकहरूले नगरेको देखिएको छ । यसले तालम अप्राप्त शिक्षकको कमजोरी स्पष्ट पारेको छ ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसार सबै शिक्षकले कुनै न कुनै मूल्याङ्कनको साधन अपनाउने र नियमित विद्यार्थी मूल्याङ्कन गर्ने बताए तापनि कक्षा अवलोकनको तथ्याङ्क भने फरक निस्कन गएको छ । प्राप्त तथ्याङ्कअनुसार नियमित विद्यार्थी मूल्याङ्कनको सवालमा निजी विद्यालयका भन्दा सरकारी विद्यालयका शिक्षकहरू सचेत रहेको र तालिम अप्राप्तका तुलनामा तालिम प्राप्त शिक्षकहरूले बढी सचेतता अपनाएको देखिए तापनि शिक्षकहरूमा विद्यार्थी मूल्याङ्कन नियमित रूपमा गर्नुपर्छ भन्ने थाह भएर पनि लापरवाही गरेको स्पष्ट हुन्छ यसले व्यावहारिक पक्ष फितलो रहेको समेत स्पष्ट हुन्छ ।

### ३.३.१५ गृहकार्य

दैनिक गृहकार्य दिनुहुन्छ कि दिनुहुन्न? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कहरू निम्नानुसार छन्:

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ४६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यलायका शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८०% | २०% | १००% | ९०% | १०% | १००% |

प्रश्नावलीबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरेर तयार पारिएको माथिको विवरणअनुसार सरकारी विद्यालयका ८०% ले दैनिक गृहकार्य दिने, २०%ले नदिने बताए भने जिनी विद्यालयका ९०% शिक्षकहरूले दैनिक गृहकार्य दिने, १०% ले नदिने कुरा स्प्रष्ट पारेको देखिन्छ ।

**तालिका नं. ४७**

**तालिम प्राप्त र अप्राप्त शिक्षको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ९ | १ | १० | ८ | २ | १० |
| ९०% | १०% | १००% | ८०% | २०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त ९०% शिक्षकहरूले नियमित गृहकार्य दिने बताए भने १०% शिक्षकले नदिने बताए । तालिम अप्राप्त शिक्षकहरूमध्ये ८०% ले गृहकार्य दिने २०% ले नदिने बताए ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ४८**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यलायका शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ३ | ७ | १० | ८ | २ | १० |
| ३०% | ७०% | १००% | ८०% | २०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ३०% शिक्षकले मात्र नियमित गृहकार्य दिने गरेको ७०%ले नियमित गृहकार्य नदिने गरेको देखिन्छ भने निजी विद्यालयका ८०% शिक्षकहरूले नियमित गृहकार्य दिएको तथ्य स्पष्ट हुन्छ, त्यस्तै निजी विद्यालयका २०% शिक्षकले गृहकार्यको नियमिततताप्रति वास्ता देखाएनन् भन्ने सिद्ध हुन्छ ।

**तालिका नं. ४९**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| दिने | नदिने | जम्मा | दिने | नदिने | जम्मा |
| ८ | २ | १० | ३ | ७ | १० |
| ८०% | २०% | १००% | ३०% | ७०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार ८०% तालिम प्राप्त शिक्षकले शिक्षण सिकाइ कार्यकलापपछि नियमित गृहकार्य दिने गरेको, २०% शिक्षकहरूले तालिमप्राप्त भएर पनि गृहकार्य नदिने गरेको वास्तविकता देखिन्छ । तालिम अप्राप्त ३०% शिक्षकले मात्र नियमित गृहकार्य दिने र ७०% तालिम अप्राप्त शिक्षकहरूले नियमित गृहकार्य नदिने गरेको तथ्य देखिन्छ ।

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसार धेरै जसो शिक्षकले नियमित गृहकार्य दिने बताएका थिए तर कक्षा अवलोकनको निष्कर्ष शिक्षकले बताएभ्फैं आएन । निजी विद्यालयका शिक्षकहरूको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कमा अवलोकनबाट आएको तथ्याङ्क धेरै अन्तर नदेखिए पनि सरकारी विद्यालयका शिक्षकहरूले दिएको जवाफ र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कमा धेरै अन्तर रहेको पाइयो । समग्रमा गृहकार्यको नियमितताको सवालमा तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त र सरकारी विद्यालयका शिक्षकको तुलनामा निजी विद्यालयका शिक्षकहरूको उपलब्धि निकै सवल छ भन्ने सिद्ध हुन्छ ।

### ३.३.१६ शिक्षण विधि

कविता शिक्षण गर्दा कुन कुन शिक्षण विधि अपनाउनुहुन्छ ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्क निम्नानुसार रहेको छ ।

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ५०**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि.सं. | % | शिक्षणविधि | शि.सं. | % |
| व्याख्या + अर्थबोध | १ | १०% | व्याख्या + अर्थबोध | १ | १०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ३ | ३०% | व्याख्या+अर्थबोध+प्रश्नोत्तर | २ | २०% |
| गीत+प्रश्नोत्तर+अर्थबोध | १ | १०% | गीत+ प्रश्नोत्तर+अर्थबोध | २ | २०% |
| गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ५ | ५०% | गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ५ | ५०% |
| जम्मा शिक्षक सङ्ख्या | १० | १००% | जम्मा शिक्षक सङ्ख्या | १०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका १०% शिक्षकले व्याख्या+अर्थबोध विधि, ३०% ले व्याख्या+अर्थबोध+प्रश्नोत्तर विधि, १०% गीत+प्रश्नोत्तर+अर्थबोध विधि, र ५०% शिक्षकहरूले गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर विधि अपनाउने बताए भने निजी विद्यालयका १०% ले व्याख्या+अर्थबोध विधि, २०% ले व्याख्या+अर्थवोध+प्रश्नोत्तर विधि, २०% गीत+अर्थबोध+प्रश्नोत्तर विधि र ५०%ले गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर विधि अपनाउने बताए ।

## तालिका नं. ५१
## तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि.सं. | % | शिक्षणविधि | शि.सं. | % |
| व्याख्या + अर्थबोध | १ | १०% | व्याख्या + अर्थबोध | १ | १०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | १ | १०% | व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ४ | ४०% |
| गीत+प्रश्नोत्तर+अर्थबोध | १ | १०% | गीत+प्रश्नोत्तर+अर्थबोध | २ | २०% |
| गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ७ | ७०% | गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ३ | ३०% |
| जम्मा शिक्षक सङ्ख्या | १० | १००% | जम्मा शिक्षक सङ्ख्या | १०% | १००% |

शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कअनुसारको तालिकामा १०% तालिम प्राप्त शिक्षकले कविता शिक्षण गर्दा व्याख्या+अर्थबोध विधि अपनाउने, १०% ले व्याख्या+ अर्थबोध+प्रश्नोत्तर विधि अपनाउने, १०%ले गीत+ प्रश्नोत्तर+अर्थबोध विधि अपनाउने, ७०% गीत+व्याख्या+अर्थाबोध+ प्रश्नोत्तर विधि अपनाउने कुरा स्पष्ट हुन्छ । तालिम अप्राप्त शिक्षकहरूमध्ये १०%ले व्याख्या+अर्थबोध, ४०% ले व्याख्या+अर्थबोध+प्रश्नोत्तर, २०%ले गीत+प्रश्नोत्तर+अर्थबोध, ३०%ले गीत+व्याख्या+अर्थबोध+प्रश्नोत्तर विधि अपनाएको देखिन्छ ।

### कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क

## तालिका नं. ५२
## सरकारी र निजी विद्यालयका शिक्षकको तुलना

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि.सं. | % | शिक्षणविधि | शि.सं. | % |
| व्याख्या + अर्थबोध | ५ | ५०% | व्याख्या + अर्थबोध | ७ | ७०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ३ | ३०% | व्याख्या+अर्थबोध+प्रश्नोत्तर | २ | २०% |
| गीत + प्रश्नोत्तर+अर्थबोध | २ | २०% | गीत + प्रश्नोत्तर+अर्थबोध | १ | १०% |
| गीत+व्याख्या+अर्थबोध+ प्रश्नोत्तर | - | - | गीत+व्याख्या+अर्थबोध+ प्रश्नोत्तर | - | - |
| जम्मा शिक्षक सङ्ख्या | १० | १००% | जम्मा शिक्षक सङ्ख्या | १०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी तयार पारिएको माथिको विवरणअनुसार सरकारी विद्यालयका ५ जना अर्थात् ५०% प्रतिशत शिक्षकले व्याख्या र अर्थबोध विधिलाई अपनाएका, ३०% ले ख्याख्या+अर्थबोध र प्रश्नोत्तर विधिलाई अपनाएका, २०% शिक्षकले गीत+ प्रश्नोत्तर+अर्थबोध विधिलाई अपनाएर कविता शिक्षण गरेको देखाएको छ । निजी विद्यालयका ७०% ले व्याख्या र अर्थबोधलाई अपनाएका, २०% ले व्याख्या+अर्थबोधका साथै प्रश्नोत्तर समेत गराएको देखिएको छ भने निजी विद्यालयका जम्मा १०% शिक्षकले गीत अर्थबोध र प्रश्नोत्तर विधि अपनाएर शिक्षण गरेको देखिन्छ ।

**तालिका नं. ५३**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| शिक्षण विधि | शि.सं. | % | शिक्षणविधि | शि.सं. | % |
| व्याख्या + अर्थबोध | ५ | ५०% | व्याख्या + अर्थबोध | ७ | ७०% |
| व्याख्या+अर्थबोध+प्रश्नोत्तर | २ | २०% | व्याख्या+अर्थबोध+प्रश्नोत्तर | ३ | ३०% |
| गीत + प्रश्नोत्तर+अर्थबोध | ३ | ३०% | गीत + प्रश्नोत्तर+अर्थबोध | - | - |
| गीत+व्याख्या+अर्थबोध+ प्रश्नोत्तर | - | - | गीत+व्याख्या +अर्थबोध+ प्रश्नोत्तर | - | - |
| जम्मा शिक्षक सङ्ख्या | १० | १००% | जम्मा शिक्षक सङ्ख्या | १०% | १००% |

कक्षा अवलोकनबाट तथ्याङ्क सङ्कलन गरी तालिकीकरण गरेर तयार पारिएको माथिको विवरणले तालिमप्राप्त शिक्षकहरूमध्ये ५ जना अर्थात् ५०% शिक्षकले व्याख्या+अर्थबोध विधिलाई अपनाएको देखाउँछ । २ जना अर्थात् २०% शिक्षकहरूले व्याख्या+अर्थबोध र प्रश्नोत्तर विधिलाई अनुसरण गरेको स्पष्ट हुन्छ । त्यस्तै ३ जना अर्थात् ३०% शिक्षकहरूले गीत, प्रश्नोत्तर, अर्थबोध विधिलाई अपनाएर कविता शिक्षण गरेको देखाउँछ । तालिम अप्राप्त शिक्षकहरूमध्ये ७ जना अर्थात् ७०% शिक्षकले व्याख्या, अर्थबोध विधिलाई जोड दिएको देखाउँछ भने ३ जना अर्थात् ३०%

शिक्षकहरूले व्याख्या, अर्थबोध, प्रश्नोत्तर जस्ता विधिहरूलाई आत्मसात् गरी शिक्षण गरेको प्रमाणित गर्दछ ।

### ३.३.१७ विद्यार्थी सहभागिता

कविता शिक्षण गर्दा विद्यार्थी सहभागीता भएको या नभएको बारेमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क निम्नानुसार रहेको छ :

**तालिका नं. ५४**

**सरकारी र निजी विद्यलायका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ७ | ३ | १० | ९ | १ | १० |
| ७०% | ३०% | १००% | ९०% | १०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ७ जना अर्थात् ७०% शिक्षकले विद्यार्थी सहभागिता गराएर शिक्षण गरेको, ३ जना अर्थात् ३०% शिक्षकले विद्यार्थी सहभागिता गराउन नसकेको पुष्टि हुन्छ । निजी विद्यालयका ९०% शिक्षकले विद्यार्थी सहभागिता गराएको र १०% ले नगराएको प्रमाणित हुन्छ ।

**तालिका नं. ५५**

**तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ९ | १ | १० | ७ | ३ | १० |
| ९०% | १०% | १००% | ७०% | ३०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार ९ जना अर्थात् ९०% तालिम प्राप्त शिक्षकहरूले विद्यार्थीहरूलाई राम्रो तरिकाले सहभागी गराएर कविता

शिक्षण गरेको, १ जना अर्थात् १०% शिक्षकले विद्यार्थीहरूलाई सहभागी बनाउन नसकेको देखिएको छ । यस तथ्याङ्कअनुसार तालिम अप्राप्त शिक्षकहरूमध्ये ७ जना अर्थात् ७०% शिक्षकहरूले विद्यार्थी सहभागिता गराएको, ३ जना अर्थात् ३०% शिक्षकहरूले विद्यार्थी सहभागिता गराउन नसकेको वास्तविकता सिद्ध भएको छ ।

समग्रमा कक्षा अवलोकनको तथ्याङ्कलाई हेर्दा विद्यार्थी सहभागीता गराउने सवालमा सरकारी विद्यालयका शिक्षकभन्दा निजी विद्यालयका शिक्षकको स्थिति तुलनात्मक रूपमा राम्रो देखिएको छ भने तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकहरूले नै राम्रोसँग विद्यार्थी सहभागिता गराएर कविता शिक्षण गरेको प्रमाणित भएको छ । अझै पनि शिक्षकहरूले शिक्षण गर्दा विद्यार्थी सहभागितालाई जोड दिनुपर्ने आवश्यकता भएको देखिन्छ ।

### ३.३.१८ बोध प्रश्नोत्तर

कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गर्नुहुन्छ कि गर्नुहुन्न? भन्ने प्रश्नबाट प्राप्त तथ्याङ्कहरू निम्नानुसार रहेका छन् :

**प्रश्नावलीबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ५६**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ९ | १ | १० | १० | - | १० |
| ९०% | १०% | १००% | १००% | - | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ९ जना अर्थात् ९०% शिक्षकहरूले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराएको देखिन्छ । १ जना अर्थात् १०% शिक्षकले नगराउने गरेको देखिन्छ । निजी विद्यालयका १००% अर्थात् सम्पूर्ण शिक्षकहरूले कविता शिक्षण गर्दा बोध र प्रश्नोत्तर गर्ने गरेको देखिन्छ ।

**तालिका नं. ५७**

**तालिम प्राप्त र अप्राप्त शिक्षकको तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| १० | - | १० | ९ | १ | १० |
| १००% | - | १००% | ९०% | १०% | १००% |

प्रश्नावलीबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त सम्पूर्ण शिक्षकहरूले कविता शिक्षण गर्दा बोध र प्रश्नोत्तर गराउने बताए । तालिम अप्राप्त ९ जना अर्थात् ९०% शिक्षकले बोध प्रश्नोत्तर गराउने बताए भने १ जना अर्थात् १०% शिक्षकहरूले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर नगराउने बताए ।

**कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क**

**तालिका नं. ५८**

**सरकारी र निजी विद्यालयका शिक्षकको तुलना**

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ६ | ४ | १० | ७ | ३ | १० |
| ६०% | ४०% | १००% | ७०% | ३०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका ६ जना अर्थात् ६०% शिक्षकहरूले बोध प्रश्नोत्तर गराएको पाइयो भने ४ जना अर्थात् ४०% शिक्षकले सो कार्य नगराएको पाइयो । निजी विद्यालयका ७ जना अर्थात् ७०% शिक्षकहरूले बोध प्रश्नोत्तर गराएको र ३ जना अर्थात् ३०% शिक्षकहरूले बोध र प्रश्नोत्तर नगराएको पाइयो ।

**तालिका नं. ५९**

**तालिम प्राप्त र अप्राप्त शिक्षक बीच तुलना**

| तालिम प्राप्त शिक्षक | | | तालिम अप्राप्त शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | नगराएको | जम्मा |
| ७ | ३ | १० | ६ | ४ | १० |
| ७०% | ३०% | १००% | ६०% | ४०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त माथिको तथ्याङ्कअनुसार तालिम प्राप्त ७ जना अर्थात् ७०% शिक्षकहरूले कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराएका छन् भने तालिम अप्राप्त ६ जना अर्थात् ६०% शिक्षकहरूले पनि बोध प्रश्नोत्तर गराएको देखिन्छ र तालिम प्राप्त ३ जना अर्थात् ३०% ले तथा तालिम अप्राप्त ४ जना अर्थात् ४०% शिक्षकहरूले बोध प्रश्नोत्तर नगराएको प्रमाणित हुन्छ ।

यसप्रकार प्रश्नावली र कक्षा अवलोकनको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालय भन्दा निजी विद्यालयका शिक्षकले तुलनात्मक रूपमा बोध प्रश्नोत्तर क्रियाकलापमा राम्रो गरेको देखियो । तालिम अप्राप्त शिक्षकको तुलनामा तालिम प्राप्त शिक्षकहरूले नै राम्रो गरेको देखियो ।

समग्रमा भन्नुपर्दा तालिम प्राप्त, अप्राप्त सरकारी निजी जुनसुकै शिक्षकहरूमध्ये धेरैले सैद्धान्तिक रूपमा बोध प्रश्नोत्तर गराउनुपर्ने ज्ञान हासिल गरेको तर व्यवहारमा भने यस्तो प्रयोग सबैले नगरेको पाइयो ।

### ३.३.१९ अध्यायगत सारांश

शोधकार्यमा राखिएका अपेक्षित उद्देश्य पूरा गर्नका लागि पर्वत, स्याङ्जा, बागलुङ, गुल्मी, म्याग्दी जिल्लाका ग्रामीण तथा सहरी क्षेत्रका १० सरकारी विद्यालय १० निजी विद्यालयमा कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्ने तालिम प्राप्त तथा अप्राप्त गरी जम्मा १०-१० जना शिक्षकहरूलाई छनौट गरी कक्षा अवलोकन तथा

शिक्षक प्रश्नावली फारमका सहायताले तथ्याङ्क सङ्कलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

पाठयोजनाका सम्बन्धमा राखिएको जिज्ञासामा प्रायः जसो शिक्षकले पाठयोजना तयार पारेर पढाउने बताएको भए तापनि व्यवहारमा त्यसो नगरेको पुष्टि हुन्छ । नेपाली भाषा शिक्षकहरूले कक्षा ८ मा कविता शिक्षण गर्दा भाषिक सीपमा कत्तिको जोड दिएका छन् भनी अध्ययन गर्दा शिक्षकहरू पाठ्यक्रमले अपेक्षा गरेअनुरूप पूर्णतः भाषिक सीप विकासमा नलागेको पाइयो । तालिम प्राप्त अप्राप्त शिक्षकको तुलना गर्दा तालिम प्राप्त शिक्षकहरूले नै भाषिक सीप विकास पक्षलाई जोड दिएको देखियो । केही शिक्षकमा ज्ञान र सीपका बारेमा अस्पष्टता नरहेको र केही शिक्षकहरूले साहित्यिक रसास्वादनलाई जोड दिएको पाइयो ।

शब्दार्थ शिक्षण गर्ने नगर्ने सम्बन्धमा गरिएको अध्ययनमा प्राय शिक्षकहरूलाई शब्दार्थ शिक्षण गर्नु पर्छ भन्ने ज्ञान भएको तर व्यवहारमा त्यस्तो नदेखिएको, केही शिक्षकले शब्दार्थ शिक्षण गराए पनि केही शिक्षकले नगराएको पाइयो ।

शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाउने सम्बन्धमा पनि सबै शिक्षकहरूले अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको पाइएन । गति, यति मिलाई लय वाचन गर्ने सम्बन्धमा अध्ययन गर्दा केही शिक्षकहरूले राम्रोसँग लय वाचन क्रियाकलाप गरेको र केहीले नगरेको देखियो । केही शिक्षकहरू लय वाचनका लागि उत्सुक भए पनि गलाले साथ नदिएको देखियो ।

कविता शिक्षण गर्दा भाव बोध गराउने कार्यमा सबै शिक्षकहरू सचेत देखिए । सारांश कथन गर्न लागउने सम्बन्धमा भने कुनै पनि शिक्षकले यो क्रियाकलाप व्यावहारिक रूपमा सञ्चालन गर्न सकेको पाइएन । शिक्षण सामग्री प्रयोगका बारेमा अध्ययन गर्दा सम्पूर्ण शिक्षकहरू कालोपाटी र पाठ्यपुस्तकमा मात्र सीमित रहेको पाइयो भने कति पय शिक्षकले त कालो पाटी छुँदै नछोएको पनि देखियो । अध्ययन कार्यका लागि छनोट गरिएका सम्पूर्ण शिक्षकहरूलाई नियमित विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ भन्ने ज्ञान रहेको तर व्यवहारमा केही शिक्षकहरू गम्भीर नदेखिएको अध्ययनले

देखाएको छ । यस कार्यमा निजी विद्यालयका भन्दा सरकारी विद्यालयका तालिम अप्राप्तभन्दा प्राप्त शिक्षकहरूले सचेतता अपनाएको पाइयो ।

नियमित गृहकार्य दिने सम्बन्धमा अध्ययन गर्दा धेरै जसो शिक्षकहरूले नियमित गृहकार्य दिने बताए पनि व्यवहारमा त्यो देखिएन । नियमित गृहकार्य दिने सवालमा सरकारी विद्यालयका शिक्षकको तुलनामा निजी विद्यालयका शिक्षकहरूको उपलब्धि सवल पाइयो ।

शिक्षण विधि प्रयोग बारे अध्ययन गर्दा शिक्षकहरूले विविध विधिहरूलाई आत्मसात् गरेको भए पनि व्याख्या+अर्थबोध विधिलाई धेरैजसो शिक्षकले अपनाएको देखियो । विद्यार्थी सहभागिता गराएर शिक्षण गर्ने कार्यमा सरकारी विद्यालयका भन्दा निजी विद्यालयका तथा तालिम अप्राप्तका तुलनामा प्राप्त शिक्षकहरूको स्थिति राम्रो देखियो ।

कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउने नगराउने सम्बन्धमा गरिएको अध्ययनमा पनि केही शिक्षकहरूले बोध प्रश्नोत्तर कार्यलाई व्यवास्ता गरेको समेत देखियो भने बोध प्रश्नोत्तर गराउनु पर्छ भन्ने सैद्धान्तिक ज्ञान भने प्रायः सबै शिक्षकहरूलाई भएको पाइयो ।

# अध्याय-चार

# उपसंहार

## ४.१ निष्कर्ष

१. शिक्षक र प्रश्नावली फारममा सरकारी विद्यालयका १००% प्रतिशत र निजी विद्यालयमा ९०% प्रतिशत शिक्षकहरूले पाठ योजना बनाउने बताए भने तालिम प्राप्त १००% र अप्राप्त९०% शिक्षकहरूले पाठयोजना बानाउने बताए । यस तथ्याङ्कबाट शिक्षकहरूलाई पाठयोजनाको सैद्धान्तिक ज्ञान भएको तथा पाठयोजनाप्रति सैद्धान्तिक रूपमा सचेतता भएको पाइयो तर व्यावहारिक रूपमा सम्पूर्ण शिक्षकहरूले पाठयोजना बनाएर शिक्षण गरेको पाइएन ।

२. कविता शिक्षण गर्दा शिक्षकहरूले साहित्यको शिक्षण गरेका छन् या भाषिक सीप विकासमा जोड दिएका छन् भनी गरिएको अध्ययनमा निजी विद्यालयका शिक्षकको तुलनामा सरकारी विद्यालयका शिक्षक भाषिक सीपविकासप्रति बढी सचेत रहेको पाइयो । तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको तुलना गर्दा तालिम प्राप्त शिक्षकहरू नै भाषिक सीप विकासप्रति सचेत रहेको पाइयो । शिक्षकहरूको व्यावहारिक पक्षको अध्ययन गर्दा भने अधिकांश शिक्षकहरूले भाषिक सीपलाई प्रमुख उद्देश्य बनाएर शिक्षण नगरेको पाइयो । धेरैजसो शिक्षकहरूले साहित्यिक रसास्वादन गराएको र केही शिक्षकहरूले ज्ञान या सीपको स्पष्टता विना नै शिक्षण गरेको समेत पाइयो । यसबाट अधिकांश शिक्षकहरू पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य प्राप्तितर्फ लाग्न सकेका छैनन भन्ने निष्कर्षमा पुग्न सकिन्छ

३. अध्ययन कार्य गर्दा छनोट गरिएका सम्पूर्ण शिक्षकहरूले शब्दार्थ शिक्षण गर्ने बताए तापनि व्यावहारिक रूपमा यो पाइएन । सरकारी विद्यालयका ७०% र निजी विद्यालयका ८०% शिक्षकहरू तथा तालिमप्राप्त ९०% अप्राप्त ६०% शिक्षकहरूले मात्र कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गरेको पाइयो । यस तथ्याङ्कबाट

शिक्षकहरूलाई शब्दार्थ शिक्षण गर्नुपर्छ भन्ने सैद्धान्तिक ज्ञान छ तर व्यवहारमा सबैले उतार्न सकेका छैनन् भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

४. शिक्षक प्रश्नावलीबाट तथयाङ्क संङकलन गर्दा सम्पूर्ण शिक्षकहरूले शब्दार्थ शिक्षणमा वाक्यमा प्रयोग गर्न लगाउने बाताए । कक्षा अवलोकन गर्दा भने यस्तो पाइएन । सरकारी विद्यालयका जम्मा ४०% र निजी विद्यालयका २०% शिक्षकहरूले मात्र वाक्यमा प्रयोग गराएको पाइयो । तालिम प्राप्त ५०% र अप्राप्त १०% मात्र शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न लगाएको पाइयो । यस तथ्याङ्कले शिक्षकहरूको व्यावहारिक पक्षप्रतिको असचेततालाई पुष्टि गर्दछ ।

५. शिक्षकले गति, यति मिलाई लयवाचन गर्ने नगर्ने सम्बन्धमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कमा सम्पूर्ण शिक्षकहरूले लयवाचन गराउने वताए तापनि व्यवहारमा भने त्यस्तो पाइएन । कक्षा अवलोकनबाट प्राप्त तथयाङ्कमा सरकारी विद्यालयका ७०% र निजी विद्यालयका ८०% शिक्षकले गति, यति मिलाई लयवाचन गरेको पाइयो । त्यस्तै तालिम प्राप्त ८०% तालिम अप्राप्त ७०% शिक्षकहरूले लय वाचन गरेको पाइयो ।

६. कविता शिक्षण गर्दा विद्यार्थीलाई गति, यति मिलाई लयवाचन गराउने नगरारउने सम्बन्धमा शिक्षकहरूसँग जिज्ञासा राख्दा सम्पूर्ण सरकारी, निजी तालिमप्राप्त अप्राप्त शिक्षकहरूले गराउने बताए, कक्षा अवलोकन गर्दा भने त्यस्तो देखिएन । सरकारी विद्यालयका ९०% निजी विद्यालयका ६०% शिक्षकहरूले गति, यति मिलाई लयवाचन गराएको पाइयो भने तालिम प्राप्त ८०% र अप्राप्त ७०% शिक्षकहरूले गराएको र बाँकी शिक्षकहरूले नगराएको पाइयो ।

७. शिक्षकहरूले कविता शिक्षण गर्दा विद्यार्थीलाई एकल वाचन र समूहवाचन मध्ये कुन क्रियाकलाप अगाडि गराउँदछन् भनी गरिएको अनुसन्धानमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कले सरकारी विद्यालयका २०% शिक्षकले समूहगत १०% ले एकल र ७०% शिक्षकले दुवै गराउने बताएको पाइयो । निजी विद्यालयका

शिक्षकहरू मध्ये १०% ले समूहगत र ९०% ले दुवै क्रियाकलाप अपनाउने बताए। तालिम प्राप्त १०% ले समूहगत, १०% ले एकल र ८०% ले दुवै खाले क्रियाकलाप गराउने बताए। तालिम अप्राप्त शिक्षकहरूमध्ये २०% ले समूहगत र ८०% ले दुवै खाले क्रियाकलाप अपनाउने बताए। कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क भने शिक्षकहरूले बताएको तथ्याङ्कसँग मेलखाने किसिमको छैन। अवलोकनबाट प्राप्त तथ्याङ्क अनुसार ४०% सरकरारी विद्यालयका शिक्षकले समूहवाचन गराएको, २०% ले एकल वाचन गराएको, ४०% ले दुवै खाले क्रियाकलाप गराएको पाइयो। त्यस्तै तालिम प्राप्त र अप्राप्त शिक्षकहरूमा तालिम प्राप्त ४०% ले समूहवाचन, ३०% ले एकल र ३०% ले दुवै क्रियाकलाप अपनाएको पाइयो। त्यस्तै तालिम अप्राप्त शिक्षकहरूमा ५०% ले समूहगत, २०% ले एकल ३०% ले दुवै खाले क्रियाकलाप अपनाएको देखियो। यसप्रकार शिक्षकहरूमा लयवाचन गराउने सम्बन्धमा कमजोर स्थिति रहेको पाइयो।

८. विद्यार्थीलाई समूहवाचन र एकलवाचनमध्ये कुन क्रियाकलाप अगाडि गराउनुहुन्छ भनी राखिएको जिज्ञासामा सरकारी र निजी विद्यालयका शिक्षकहरूले प्रश्नावली फारममार्फत दिएको र कक्षा अवलोकनसमेत गरिएको तथ्याङकलाई अध्ययन गर्दा तालिम प्राप्त शिक्षकले अप्राप्तको तुलनामा राम्रो गरेको र सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका शिक्षकहरूको कमजोर स्थिति रहेको पाइयो

९. कविता शिक्षण गर्दा भावबोध गराउने नगराउने सम्बन्धमा प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङकको अध्ययन गर्दा सबै शिक्षकहरूले कविताको भाववोध पक्षलाई ख्याल गरेर शिक्षण गरेको पाइयो।

१०. कविता शिक्षणमा बोध पश्नोत्तर गराउने या नगराउने भन्ने सम्बन्धमा गरिएको अधययनमा सरकारी विद्यालयका १०% गराउने, बताएको ९०% गराउने बताएको र निजी विद्यालयका १००% शिक्षकले बोध प्रश्नोत्तर गराउने बताए तापनि कक्षा अवलोकनको तथ्याङ्क त्यस्तो रहेन। कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्क अनुसार सरकारी विद्यालयका ६०% निजी विद्यालयका ७०% शिक्षकहरूले मात्र बोध

प्रश्नोत्रर गराएको पाइयो, त्यस्तै तालिम प्राप्त ७०% र अप्राप्त ६०% ले बोध प्रश्नोत्तर गराएको पाइयो । यस तथ्याङ्कअनुसार बोध प्रश्नोत्तरको सवालमा तालिम अप्राप्तको तुलनामा तालिम प्राप्त र सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका शिक्षकहरूको स्थिति राम्रो देखियो । समग्रमा भन्नु पर्दा बोध प्रश्नोत्तरको सवालमा सम्पूर्ण शिक्षकहरूको एउटै स्थिति नदेखिनु लापरवाहीपूर्ण तरिकाले शिक्षण गर्नुको कारण भएको कुरामा दुई मत हुन सक्दैन ।

११. सरकारी विद्यालयका ८०% निजी विद्यालयका ९०% शिक्षकहरूले कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउने बताए ता पनि कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कमा त्यस्तो स्थिति देखिएन । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार जम्मा ३०% सरकारी विद्यालयका शिक्षक र १०% निजी विद्यालयका शिक्षकहरूले सारांश कथन गर्न लगाएको पाइयो भने तालिम प्राप्त ३०% र अप्राप्त १०% ले मात्र सारांश कथन गराएको पाइयो । यसप्रकार सारांश कथन गराउने सम्बन्धमा निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकको तालिम अप्राप्त शिक्षकको तुलनामा प्राप्त शिक्षकको स्थिति राम्रो देखिए तापनि समग्रमा भन्नुपर्दा सारांश कथनको स्थिति कमजोर रहेको पाइयो ।

१२. सरकारी विद्यालयका ६०% र निजी विद्यालयका ९०% शिक्षकहरूले कविता शिक्षणका बेला सारांश लेख्न लगाउने बताए तापनि कक्षा अवलोकनको तथ्याङ्क भिन्न रह्यो । कक्षा अवलोकनको तथ्याङ्कअनुसार कसैले पनि कविता शिक्षणमा सारांश लेख्न नलगाएको पाइयो ।

१३. शिक्षणसामग्रीको प्रयोग सम्बन्धमा गरिएको अध्ययनमा शिक्षकहरूले कालोपाटी र पाठ्यपुस्तक बाहेक अन्य कुनै पनि शिक्षण सामग्री प्रयोग नगरेको पाइयो । यसबाट के थाहा हुन्छ भने तालिम प्राप्त सबै शिक्षक र धेरैजसो अप्राप्त शिक्षकहरूलाई कविता शिक्षणमा पनि शिक्षण सामग्रीको प्रयोग गर्नुपर्छ भन्ने थाह छ तर उनीहरूले व्यावहारिक प्रयोजनमा यस कुरालाई लागु गर्दैनन् ।

१४. कविता शिक्षणका अन्त्यमा नियमित विद्यार्थी मूल्याङ्कन गर्ने/नगर्ने सम्बन्धमा गरिएको अध्ययनमा सम्पूर्णक निजी तथा सरकारी विद्यालयका शिक्षक र तालिम प्राप्त र अप्राप्त शिक्षकले विद्यार्थी मूल्याङ्कन गर्ने बताए । कक्षा अवलोकनको तथ्याङ्क भने भिन्न खालको देखियो । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कका अनुसार ४०% सरकारी विद्यालयका ३०% निजी सवद्यालयका शिक्षकहरूले मात्र कविता शिक्षणको अन्त्यमा नियमित विद्यार्थी मूल्याङ्कन गर्ने गरेको पाइयो । ५०% तालिम प्राप्त र २०% अप्राप्त शिक्षकहरूले विद्यार्थी मूल्याङ्कन गरेको पाइयो । यसबाट के भन्न सकिन्छ भने निजी विद्यालयमा भन्दा सरकारी विद्यालयमा तालिम अप्राप्त शिक्षकले भन्दा प्राप्त शिक्षकले नियमित विद्यार्थी मूल्याङ्कनको स्थितिलाई बढी पछ्याएको पाइए तापनि विद्यार्थी मूल्याङ्कन जस्तो संवेदनशील विषयमा लापरवाही भएको कुरालाई बिर्सिरहन सकिन्न ।

१५.विद्यार्थी मूल्याङ्कनका साधनहरूको प्रयोगका सम्बन्धमा गरिएको अध्ययनमा सरकारी विद्यालयमा १०% ले लिखित ७०% मौखिक, २०% ले दुवै खाले मूल्याङ्कन गर्ने वताए । निजी विद्यालयका १०% ले लिखित ५०% मौखिक ४०% दुवै खाले मूल्याङ्कनका साधन अपनाउने बताए । कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका ५०% मौखिक मूल्याङ्कन गरेको ५०% नगरेको र निजी विद्यालयका ४०% ले मौखिका मूलयाङकन गरेको ६०% ले नगरेको पाइयो । यसबाट के निश्कर्षमा पुग्न सकिन्छ भने शिक्षकहरूमा विद्यार्थी मूल्याकन गर्नुपर्छ भन्ने थाहा छ तर उनीहरू यस विषयमा संवेदनशील छैनन् ।

१६. दैनिक गृहकार्यका सम्बन्धमा गरिएको अध्ययनमा सरकारी विद्यालयका ८०% निजी विद्यालयका ९०% शिक्षकहरूले गृहकार्य दिने वताए तापनि कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार भने त्यस्तो पाइएन । कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार सरकारी विद्यालयका ३०% शिक्षकहरूले गृहकार्य दिने गरेको र निजी विद्यालयका  ८०% ले गृहकार्य दिने गरेको पाइयो भने तालिम प्राप्त र अप्राप्त शिक्षकहरूमा ८०% तालिम प्राप्त शिक्षकहरूले र ३०% अप्राप्त शिक्षकहरूले गृहकार्य दिने गरेको पाइयो । यसप्रकार गृहकार्य दिने नदिने सवालमा

अध्ययन गर्दा सरकारी विद्यालयको तुलनामा निजी र तालिम अप्राप्तको तुलनामा प्राप्त शिक्षकहरूको स्थिति राम्रो रहेको पाइयो ।

१७. शिक्षण विधिको प्रयोगका सम्बन्धमा धेरैजसो शिक्षकहरूले शिक्षक र विद्यार्थी दुवै सक्रिय हुने विधि अपनाएर शिक्षण गर्ने वताए तापनि कक्षा अवलोकन गर्दा त्यस्तो स्थिति देखिएन । अधिकांश शिक्षकहरूले शिक्षक केन्द्रित विधि अपनाए र शिक्षण गरेको देखियो

१८ विद्यार्थी सहभागीता गराएर शिक्षण गर्ने ७०% सरकारी विद्यालयका शिक्षकहरू ९०% निजी विद्यालयका शिक्षकहरू रहे भने ९०% तालिम प्राप्त र ७०% अप्राप्त शिक्षकहरूले विद्यार्थी सहभागिता गराएर शिक्षण गरेको पाइयो ।

१९. विभिन्न विश्वविद्यालयका शिक्षाशास्त्र सङ्काय तथा विभिन्न संस्थाबाट समेत तालिम हासिल गरी अध्यापनमा लागेका शिक्षकहरूले आफ्नो ज्ञान सीपको प्रयोग पूर्णरूपले गर्न नसकेको देखिएकाले उनीहरूले प्राप्त गर्ने ज्ञान, सीपको उचित प्रयोग नभएको पाइयो ।

२०. कुनै कुनै विषयमा सरकारी विद्यालयका भन्दा निजी विद्यालयका शिक्षकहरू अगाडि रहेको पाइए तापनि समग्र रूपमा हेर्दा निजी विद्यालयका शिक्षकको तुलनामा सरकारी विद्यालयका शिक्षकहरूको शिक्षण राम्रो रहेको पाइयो ।

२१. तालिम प्राप्त शिक्षकहरूको तुलनामा शिक्षण कार्यलाई तालिम अप्राप्त शिक्षकले प्रभावकारी रूपमा अगाडि बढाउन नसके पनि तालिम अप्राप्त केही शिक्षकले प्रभावकारी ढङ्गले शिक्षण गरेको पाइयो ।

## ४.२ सुझाव

१. शिक्षण कार्यकलाप सञ्चालन गर्नुपूर्व पाठयोजना बनाउँदा शिक्षण कार्य सरल सुगम एवम् उद्देश्यपूर्ण हुने भएकाले सम्पूर्ण शिक्षकहरूले पाठयोजना तयार पारी शिक्षण गर्नु पर्दछ ।

२. निम्नमाध्यमिक तहको पायक्रममा कविता शिक्षणको प्रमुख उद्देश्य भाषिक सीप विकासमा जोड दिनु नै हो । त्यसैले कक्षा रोचक बनाउन विद्यार्थीलाई आकर्षित गर्न शिक्षकले साहित्यिक रसास्वादनको कार्यकलाप तर्फ प्रवेश गरी विद्यार्थीलाई आकर्षित गराउने कार्यमा शिक्षक सधै सचेत रहनु पर्छ । भाषिक सीप विकासलाई प्रमुखता दिएर शिक्षण गर्नुपर्छ । कविता शिक्षणको उद्देश्यप्रति स्पष्ट हुनका लागि शिक्षकहरूमा सम्बन्धित तहको पाठ्यक्रमको अध्ययनको पनि आवश्यकता छ ।

३. शब्दार्थ शिक्षणमा शिक्षकहरूले ध्यान दिएको पाइएता पनि शब्दार्थ शिक्षण गर्दा अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने अभ्यास गराउँदा शब्दार्थ क्षिक्षण अत्यन्त प्रभावकारी हुने भएकोले शिक्षकहरू यस कार्य तर्फ सचेन हुनु आवश्यक देखिन्छ ।

४. कविता शिक्षण गर्दा शिक्षकले आदर्श वाचन गर्नुपर्छ कतिपय शिक्षकहरूले आफ्नो गलाको कमजोरीका कारण आदर्श वाचन गर्न नसक्ने देखिएकोले त्यस्ता शिक्षकले कक्षामा राम्रो गला भएको विद्यार्थीलाई छानी आदर्श वाचनको अभ्यास गराउनुपर्छ रअन्य विद्यार्थीलाई अुकरणवाचन गराउनुपर्छ विद्यार्थीलाई अनुकरणवाचन गराउँदा गति, यतिको ख्याल गरी उचित लयवाचन गराउनुपर्छ ।

५. बढी भन्दाबढी प्रश्नोत्तर क्रियाकलाप गरी विद्यार्थीहरूलाई शिक्षाण कार्यमा सक्रिय बनाउनुपर्छ । शिक्षक भाषण गर्ने नेता र विद्यार्थी सो भाषण सुन्ने जनता जस्तो गरी शिक्षण गरिनु राम्रो हुँदैन ।

६. शिक्षकहरूले कालोपाटी, सेतोपाटी र पाठ्यपुस्तकलाई मात्र सामग्री गराएर शिक्षण गरेको पाइएकोले शिक्षण कार्यको लागि र शिक्षणको उद्देश्यमा पुग्नका लागि अर्थात् शिक्षणकार्य प्रभावकारी वनाउनका लागि शब्दपत्ती, चित्रपत्ती वाक्यपत्ती, फलाटिन पाटी, गोजी तालिका जस्ता शिक्षण सामग्रीहरूको प्रयोग गर्नुपर्छ ।

७. शिक्षण क्रियाकलापको अन्त्यमा अनिवार्य रूपमा विद्यार्थी मूल्याङ्कन र कमजोरी निराकरण गर्नुपर्दछ।

८.अनिवार्य रूपमा गृहकार्य दिनुपर्छ । सम्भव भएसम्म गृहकाय जाँचेर उचित सल्लाह समेत दिनुपर्छ ।

९. केही शिक्षकहरूले कविताको लय वाचन गर्दा उचित स्वर निकाल्न नसकेको वीचवीचमा गला अवरुद्ध भएको, उचित मिठासपूर्ण स्वर निष्कन नसक्दा विद्यार्थी गलल हाँसेको समेत पाइएकाले यस्ता शिक्षकहरूले टेप रेकर्डरको प्रयोग गर्नु राम्रो मानिन्छ ।

१०. विद्यार्थी केन्द्रित विधि उचित भएको थाहा भएर पनि धेरैजसो शिक्षकहरूले शिक्षक केन्द्रित विधि नै अपनाएको देखिएकाले विद्यार्थी केन्द्रित विधिमा जोड दिएर शिक्षण गर्नु राम्रो मानिन्छ ।

११. सारांश लेखन र कथन जस्ता कार्यले बोलाइ लेखाइ जस्ता भाषिक सीप वृद्धि गर्ने भएकाले यस्ता क्रियाकलाप गराउनु सान्दर्भिक मानिन्छ ।

१२. तालिम अप्राप्त शिक्षक सैद्धान्तिक पक्षका चतुर जस्ता देखिएता पनि व्यावहारिक पक्षाम पछाडि रहेको र कतिपय तालिम प्राप्त शिक्षकहरूले आफ्नो व्यावहारिक ज्ञान सीपलाई प्रयोग गर्न नसकेको देखिएकाले यस्ता दुवै खाले शिक्षकहरूलाई पुनर्ताजगी तालिम गराउनु पर्दछ ।

१३. शिक्षकहरूलाई सरकारी स्तरबाट उपलब्ध गराइने सम्पूर्ण सामग्री विद्यालयमा हुनुपर्दछ । यी सामग्रीहरूको उचित अध्ययन गरी शिक्षकले व्यवहारमा उतार्नु पर्दछ ।

१४. विद्यायमा शिक्षकहरूले गर्ने कार्यको सुपरिवेक्षण गरी राम्रो कार्य गर्नेलाई पुरस्कार र नराम्रो गर्नेलाई दण्ड दिनुपर्दछ ।

१५. कतिपय विद्यालयमा नेपाली विषय शिक्षकलाई अन्य विषय शिक्षण गर्न लगाई अन्य विषय शिक्षकले नेपाली शिक्षण गरेको पाइएकोले नेपाली विषय शिक्षकलाई नै नेपाली शिक्षण गर्न दिनुपर्दछ ।

१६.भाषा पाठ्यपुस्तकमा विविध विधाहरूको संयोजन गरिने भएकोले यी विधाहरूको शिक्षण कार्यकलाप आ-आफ्नै किसिमको हुने भएको र कविता पनि एउटा छुट्टै विधा भएकोले यो विधा शिक्षण गर्दा अपनाउनु पर्ने शिक्षणविधि तथा कार्यकलापको ख्याल गरी शिक्षण गर्नुपर्दछ ।

१७.अनुगमन प्रणलीलाई सबल बनाई योजना, प्रस्तुति, शैक्षिक सामग्री, मूल्याङ्कन प्रणाली समेत सुधार ल्याउनु पर्ने देखिन्छ ।

**४.३ भावि अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू**

भावी अनुसन्धानका लागि निम्नलिखित शीर्षकहरूलाई लिन सकिन्छ :

१. माध्यमिक तहमा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

२. कक्षा १० मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

३. कक्षा ९ मा कविता शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

४. कक्षा ८ मा नेपाली भाषा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

५.प्राथमिक तहमा नेपाली भाषाशिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

६. कक्षा ८ मा जीवनी शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,

७. कक्षा ९ मा कथा शिक्षण गर्दा अपनायएका शिक्षण विधिहरूको अध्ययन ।

# सन्दर्भग्रन्थसूची


अधिकारी हेमाङ्गराज (२०५३), **नेपाली भाषा शिक्षण**, काठमाडौं कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र केदाप्रसाद शर्मा (२०५५), **नेपाल भाषा शिक्षण**, भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

अधिकारी, हेमाङ्गराज (२०५७), **भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, ते.संस्क., काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१) **प्रारम्भिक नेपाली शिक्षण**, चौ.संस्क, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र अन्य (२०६१), **हाम्रो नेपाली किताब शिक्षक निर्देशिका कक्षा-८,** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

कार्की, सङ्गीता (२०५८), **कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन**, अप्र. स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ढकाल, लक्ष्मीप्रसाद (२०५५), **कक्षा पाँचमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन,** अप्र. स्नातकोत्रर शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७) **परिचयात्मक नेपाली शिक्षण,** काठमाडौंः एम.के पब्लिशर्स एण्ड डिष्ट्रिव्युटर्स ।

दीक्षित, उषा र विश्वभर घिमिरे (२०५१), **शिक्षकको स्वाध्यन सामग्री भाग-२,** भक्तपुर : दुर शिक्षा केन्द्र, सानोठिमी ।

**नेपाली बृहत् शब्दकोश** (२०४०), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाठ्यक्रम विकास केन्द्र (२०५७), **निम्नमाध्यामिक तहको नेपाली पाठ्यक्रम २०५०,** दो.संस्क, भक्तपुर, सानोठिमी ।

-------------(पुनर्मुद्रण २०५९), **हाम्रो नेपाली किताब कक्षा ६,** सानोठिमी भक्तपुर ।

पौड्याल, देवीदत्त (२०६०), **कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन,** अप्र.स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग त्रि.वि. ।

बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौ.: रत्न पुस्तक भण्डार ।

वेल्वासे, अनन्तप्रसाद (२०६०), **कक्षा पाँचमा कक्षा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन,** अप्र.स्नातकोत्तर शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

भट्टराई, रमेशप्रसाद र अन्य (२०५८) **निम्नमाध्यामिक तह प्रशिक्षक निर्देशिका**, भक्तपुरः माध्यमिक शिक्षा विकास केन्द्र , सानोठिमी ।

------------ (२०६१), **नेपाली भाषाशिक्षण**, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी ।

न्यौपाने, विनोदकुमार (२०६२) **कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन**, अप्र. शोधपत्र, कीर्तिपुरः नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

रिमाल, डिल्लीराम (२०५३), **नेपाली शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा , केदारप्रसाद (२०५१), **नेपाली भाषा शिक्षण**, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र सानोठिमी ।

## परिशिष्ट - क
## जनसङ्ख्या छनोट गरिएका विद्यालय र शिक्षकको नामावली तथा ठेगाना

| | सरकारी विद्यालय | | | निजी विद्यालय | |
|---|---|---|---|---|---|
| क.स | विद्यालयको नाम | शिक्षकको नाम | क.स | विद्यालयको नाम | शिक्षकको नाम |
| १ | श्री शालिग्राम उ.मा.वि. सेतीबेनी , पर्वत | श्री रामहरि न्यौपाने | १ | न्यू ओसिस एकेडेमी बागलुङ बजार | रामजीप्रसाद सुवेदी |
| २ | श्री प्रकाश मा.वि. वेनीबजार, म्याग्दी | श्री अजय मिलन श्रेष्ठ | २ | सहिद स्मारक आवासीय मा.वि. कुश्मा, पर्वत | बलराम रिजाल |
| ३ | श्री विद्याज्याति उ.मा.वि. माझफाँट, पर्वत | श्री कमलनयन आचार्य | ३ | अमृत आदर्श आवासीय मा.वि माझफाँट, पर्वत | विजय श्रेष्ठ |
| ४ | श्री गलेश्वर मा.वि. तोरीपानी, म्याग्दी | श्री हरिप्रसाद सुवेदी | ४ | लोकदीप आवासीय मा.वि. बेनी, म्याग्दी | ध्रुवसागर शर्मा |
| ५ | श्री वहाकी  उ.मा.वि. चिलाउनेखर्क, पर्वत | श्री रामचन्द्र न्यौपाने | ५ | माउन्ट एभ्रेष्ट आवासीय मा.वि. बेनी, म्याग्दी | लोकेन्द्र निरासी |
| ६ | श्री ज्योतिमण्डल नि.मा.वि. बाँसखर्क, पर्वत | श्री मेघनाथ पौडेल | ६ | न्यू वेस्ट पोइन्ट आवासीय मा.वि. बेनी, म्याग्दी | केशव पौडेल |
| ७ | श्री  भगवती मा.वि. गुल्मी, (अर्वेनी) | श्री थानेश्वर न्यौपाने | ७ | आदर्श आवासीय मा.वि कुश्मा, पर्वत | महेन्द्र शर्मा |
| ८ | श्री नरोदय उ.मा.वि. पिँडीखोला, स्याङ्जा | श्री सञ्जयराज बस्याल | ८ | बालशिक्षा आवासीय मा.वि. कुश्मा पर्वत | सुशील शर्मा |
| ९ | श्री सूर्य मा.वि. होस्राङ्दी, पर्वत | श्री केशवराज भण्डारी | ९ | आदर्श विद्यामन्दिर आवासीय उ.मा.वि, बागलुङ | कुलराज शर्मा |
| १० | श्री विद्यामन्दिर उ.मा.वि. बागलुङ बजार | श्रीमती चयनदेवी श्रेष्ठ | १० | कालिगण्डकी एकेडेमी कुश्मा, पर्वत | ऋषिराम रिजाल |

## परिशिष्ट- ख

## शिक्षक प्रश्नावली फारम

**शिक्षकको नामः**

**विद्यालयको नाम**

१. कविता शिक्षण गर्दा पाठयोजना बनाउनुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

२. कविता शिक्षणको उद्देश्यका लागि बढी आवश्यक कुन उद्देश्यलाई ठान्नुहुन्छ ?

(क) भाषिक सीप विकास (ख) साहित्यिक रसास्वादन

३. कविता शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्नुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

४. शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउनुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

५. कविता शिक्षण गर्दा गति, यति मिलाई लयवाचन गर्नुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

६. विद्यार्थीलाई लयवाचन गराउँदा कुन क्रियाकलाप गराउनुहुन्छ ?

(क) एकल वाचन (ख) समूहवाचन (ग) दुवै

७. कविता शिक्षण गर्दा गति, यति मिलाई लयवाचन गराउनुहुन्छ वा गराउनुहुन्न ?

(क) हुन्छ (ख) हुन्न

८. विद्यार्थीलाई लयवाचन गराउँदा कुन क्रियाकलाप पहिले गराउनुहुन्छ ?

(क) एकल वाचन (ख) समूहवाचन

९. कविता शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

१०. कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउनुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

११. कविता शिक्षण गर्दा सारांश कथन गर्न लगाउनुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

१२. कविता शिक्षण गर्दा सारांश लेख्न लगाउनुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

१३. कविता शिक्षण गराउँदा कस्ता शिक्षण सामग्री प्रयोग गर्नुहुन्छ ?

(क) पाठ्यपुस्तक (ख) पाठ्यपुस्तक र कालोपाटी (ग) अन्य सहायक सामग्री

१४. कक्षा कार्यकलापपश्चात् नियमित विद्यार्थी मूल्याङ्कन गर्नुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

१५. दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप अपनाउनु हुन्छ ?

(क) लिखित (ख) मौखिक

१६. दैनिक गृहकार्य दिनुहुन्छ वा हुन्न ?

(क) हुन्छ (ख) हुन्न

१७. कविता शिक्षण गर्दा कुन कुन विधिलाई अँगाल्नुहुन्छ ?

(क) व्याख्यान विधि (ख) गीत तथा अभिनय विधि (ग) अर्थबोध विधि

(घ) प्रश्नोत्तर विधि (ङ) अन्य विधि

## १८.कक्षा अवलोकन फाराम

१. शिक्षण क्रियाकलाप सुरुवातः

-----------------------------------------------------------------

२. शब्दार्थ शिक्षणः

-----------------------------------------------------------------

३. लयवाचनः

-----------------------------------------------------------------

४. बोधप्रश्नोत्तर :

-----------------------------------------------------------------

५. भावबोध :

-----------------------------------------------------------------

६. अपनाइएका मुख्य शिक्षण विधि :

-----------------------------------------------------------------

७. पाठको तयारीः

-----------------------------------------------------------------

८. शिक्षण सामग्रीको प्रायेग :

-----------------------------------------------------------------

९. भाषिक सीप विकास :

-----------------------------------------------------------------

१०.विद्यार्थी सहभागिताः

-----------------------------------------------------------------

११. विद्यार्थी मूल्याङ्कनः

-----------------------------------------------------------------

१२. गृहकार्य लिखितः

-----------------------------------------------------------------

१३. गृहकार्य मौखिकः

-----------------------------------------------------------------

१४.अन्यः

-----------------------------------------------------------------